पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार

राष्ट्रिय दैनिक

# टुडे एक्सप्रेस

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

वर्ष १७ अंक १८७ पृष्ठ ८ | २०७९ साउन ६ शुक्रबार ( 2022 JUL 22 FRIDAY ) | मुल्य रु ५।-

धानखेती छोड्दै ताप्लेजुङका किसान ०३ | शीतभण्डारको पर्खाइमा किसान ०५ | उद्योगमा लगानी : ६२ वर्षमा २६ खर्ब बढीको प्रस्ताव ०७

# जयनगरदेखि बिजलपुरासम्म रेल सेवाको विस्तार हुँदै

**अजय साह** / जनकपुरधाम



भारतको जयनगरदेखि जनकपुरधाम-कुर्थासम्म सञ्चालन भइरहेको राष्ट्रिय गौरवको आयोजनामध्येको रेल सेवाले आफ्नो थप सेवा विस्तार गर्न लागेको छ।

यही साउन ३० गतेदेखि जयनगरदेखि विजलपुरासम्म थप सेवा विस्तार गर्ने भएको छ।नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक नीरञ्जन झाले जयनगर-जनकपुर कुर्थासम्म सञ्चालन भइरहेको रेल सेवा अब विजलपुरासम्म थप सेवा विस्तारको तयारीमा लागेको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "कुर्थादेखि १७.५ किलोमिटर रेल सञ्चालनका लागि लिक (पटरी) हल्ट, स्टेशनलगायतका भौतिक पूर्वाधार संरचना तयार भइसकेको छ, १५ अगस्तका दिन सेवा प्रारम्भ गर्नेबारे नेपाल र भारतका उच्चपदस्थ पदाधिकारीबीच कुराकानी हुँदैछ।"

यद्यपि थप सेवा उद्घाटनको मिति भने टुङ्गो नलागेको उहाँले बताउनुभयो।उहाँले यसअघि कुर्थादेखि बिजलपुरासम्म रेलको भौतिक पूर्वाधारका संरचना नेपाल सरकारको रेल्वे कम्पनीलाई हस्तान्तरण गरिनुपर्ने भएकाले त्यो प्रक्रिया पनि अगाडि बढिसकेको बताउनुभयो।

महाप्रबन्धक झाले भारतीय इर्कन कम्पनीले करिब रु तीन करोड लागतमा बिजलपुरा खण्डको रेल मार्गको भौतिक पूर्वाधार संरचना निर्माण गरेको जानकारी दिनुभयो। यस मार्गमा रेल सेवा सुरु भएपछि बिजलपुरादेखि बर्दिवाससम्म १८ किलोमिटर रेलको भौतिक पूर्वाधार संरचनाको काम सुरु हुने उहाँले जानकारी दिनुभयो। "नेपाल सरकारले बिजलपुरादेखि बर्दिवाससम्म रेलको लिकसहित भौतिक पूर्वाधार संरचनाका लागि जग्गा हस्तान्तरण गरेपछि तुरुन्त काम सुरु हुन्छ", महाप्रबन्धक झाले भन्नुभयो, "यस खण्डमा जग्गाको मुआब्जाको विषयमा पनि टुङ्गो लागिसकेकोले अब तुरुन्त निर्माण काम सुरु हुन्छ।"सन् २०१० मा भारत सरकारको आर्थिक सहयोगमा रेल सञ्जाल विस्तार गर्न भारत सरकारसँग सम्झौता भएको थियो।

भौतिक पूर्वाधार तथा रेल्वे लिक निर्माणको ठेक्का पाएको भारतीय इर्कन इन्टरनेसनल कम्पनीले निर्माण थालेको थियो। जयनगरदेखि बर्दिवाससम्म ७० किलोमिटर छ।

गत चैत १९ गते भारतको दिल्लीस्थित हैदराबाद हाउसबाट प्रधानमन्त्री शेरबहादुर देउवा र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्तरूपमा जयनगर-जनकपुर कुर्था रेल सेवाको भर्चुअल माध्यमबाट हरियो झण्डा देखाएर उद्घाटन गर्नुभएको थियो। त्यस दिनदेखि जयनगर-जनकपुर कुर्थासम्म ३४.९ किलोमिटर नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ। अब बिजलपुरासम्म रेल सेवा सुरु भएपछि यसको सेवा ५२.४ किलोमिटर हुनेछ।

बिजलपुरादेखि बर्दिवाससम्म १८ किलोमिटर रेल सञ्चालनको भौतिक पूर्वाधार र लिक निर्माणको काम बाँकी छ। यस रेल विस्तार परियोजनाको प्रथम चरणमा जयनगर-जनकपुर-कुर्था ३५ किलोमिटर, दोस्रो चरणमा धनुषाको कुर्थादेखि महोत्तरीको विजलपुरा भङ्गाहासम्म १७.५ किलोमिटर र तेस्रो चरणमा महोत्तरीको बिजलपुरा भङ्गहादेखि बर्दिवाससम्म १८ किलोमिटर खण्डमा रेल्वे सेवा सञ्चालन हुने सरकारको योजनाअन्तर्गत सो कार्य भएको हो।

बिजलपुरासम्म रेल सेवा विस्तारको लागि महाप्रबन्ध झाको नेतृत्वमा सशस्त्र प्रहरी प्रमुखसहित टोलीले निरीक्षण गरेको थाहा पाएपछि त्यस भेगका लोहारपट्टी, बलवा, भङ्गाहा, पिपरा क्षेत्रका स्थानीयवासीमा खुसीयाली छाएको छ। रेल सेवाले आफ्ना सेवा विस्तार गरेर बिजलपुरासम्म पुऱ्याउने भएपछि त्यस त्यसक्षेत्रका जनतामा खुसीयाली छाएको छ। उक्त क्षेत्रका कृषि उपज सोझै जनकपुरधामका साथै भारतीय बजारसम्म पुऱ्याउन सकिने आश जागेको किसान बताउँछन्।

विसं १९९४ जुद्धशम्शेरका पालामा सुरु भएको न्यारोगेजको बिजलपुरा-जनकपुर-जयनगर ५२ किमी रेलमार्ग विसं २०५८ मा बाढीले बिग्हीपुल (लोहारपट्टी, महोत्तरी) भत्काएपछि जनकपुर-जयनगर ३५ किलोमिटरमा सीमित भएको थियो र पछि उक्त सेवा पनि बन्द भएको थियो।भारत सरकारको रु सात अर्ब २० करोडको आर्थिक सहयोगमा ब्रोडगेज रेलवे विस्तारको सन् २०१९ भित्रै रेल सञ्जाल विस्तारको निर्माण काम सम्पन्न गरिने प्रारम्भिक लक्ष्य लिएको थियो। राजनीतिक उतारचढाव, भेलबाढी र जग्गा मुआब्जा निर्धारणमा भएको ढिलाइले समयमा काम सम्पन्न गर्न नसकिएको रेल विभागले जनाएको छ।नेपालमा पहिलो रेल सेवा विसं १९८४ मा चन्द्रशम्शेरका पालामा रक्सौल-अमलेखगञ्ज सुरु भएको थियो।

अहिले जयनगर-जनकपुरसम्म सञ्चालन भइरहेको नेपाली रेल, २०७७ असोज २ गते भारतीय रेल्वे कम्पनी कोंकणले कर्पोरेशनसँग रु ८४ करोड ६५ लाखमा दुई सेट 'डेमो ट्रेन' (डिजेल इलेक्ट्रिक मल्टिपल युनिट) खरिद गरी ल्याइएको हो।

यस रेलमा एक हजार ३०० जनासम्म यात्रु बसेर तथा उभिएर यात्रा गर्न सक्ने क्षमता रहेको छ भने यात्रुबाहक रेल भएकाले यात्रुको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ। अब यहीं रेल जयनगरदेखि बिजलपुरासम्म सञ्चालन हुने भएको छ।

# प्रहरी समायोजन नभए प्रदेश प्रमुखको कार्यालय घेराउ

**टुडे एक्सप्रेस** / जनकपुरधाम

केन्द्र सरकारले प्रहरी समायोजनमा अलमल गरेपछि सातै प्रदेशका गृहमन्त्रीहरू काठमाण्डौमा छन्।प्रधानमन्त्री शेरबहादुर देउवासहित सत्तारुढ दलका शीर्ष नेतालाई भेटेर उनीहरूले केही साता अघि जनकपुर घोषणापत्र बुझाए भने प्रदेशसभाको यो कार्यकालमै प्रहरी समायोजन गरिसक्न आग्रह समेत उनीहरूले गरे।

सात वटै प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रीहरूले तत्काल प्रहरी समायोजन गर्न माग गर्दै प्रधानमन्त्री देउवालाई दवाव दिँदैछन्।तर, संघीय संसदले प्रहरी समायोजनसम्बन्धी विधेयक पास गर्दैमा समायोजन भइहाल्छ भन्नेमा प्रदेशका गृहमन्त्रीहरू भने आशावादी छैनन्।

मधेश प्रदेशका आन्तरिक मामिला तथा सञ्चार मन्त्री भरतप्रसाद साहले सबैको कुरा सुन्दा असाध्यै मिठो रहेपनि यसपालि प्रहरी समायोजन जसरी पनि गराएरै छाड्ने भन्दै अडि लिएका छन्।

यदी प्रहरी समायोजन नभएमा प्रदेश सरकारले आन्दोलन गर्ने र त्यो बेला चुनावसमेत प्रभावित हुनसक्ने उनले चेतावनी समेत दिएका छन्।आन्तरिक मामिला तथा सञ्चार मन्त्री साहले भने, 'प्रहरी समायोजनको काम अघि नबढे केन्द्र सरकारविरुद्ध आन्दोलन सुरु हुन्छ र यसको नेतृत्व मधेशले गर्छ' साहले भने, 'उस्तै परे म आफैंले 'नेपाल प्रहरी मधेश छोड्' भन्ने नारा लगाउन सक्छु।'प्रदेश प्रहरी समायोजन गर्न संघीय सरकारले आलटाल गर्न नछाडेमा प्रदेशमा सर्वदलीय बैठक बसेर नेपाल सरकारका प्रतिनिधि प्रदेश प्रमुखमार्फत अल्टिमेटम दिएर प्रदेश प्रमुखको कार्यालय घेर्नेसम्मको योजना रहेको मन्त्री साहले भने। उनले प्रदेशसभा सदस्य तथा प्रतिनिधिसभा सदस्यको निर्वाचन पूर्व नै प्रहरी समायोजन भएन भने प्रदेश प्रमुखको कार्यालय घेर्ने, रिले अनशन बस्ने र प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा जितेका सांसदको नेतृत्वमा सर्वदलीय आन्दोलन समिति बनाएर नेपाल प्रहरीलाई मधेश प्रदेशबाट धपाउने चेतावनी दिए।

# मधेस प्रदेशमा पुन: कोरोना सङ्क्रमण बढ्दै

**टुडे एक्सप्रेस** / जनकपुरधाम

मधेस प्रदेशमा पछिल्लो केही दिनदेखि कोरोना सङ्क्रमण पुनः बढ्न थालेको भन्दै धनुषा प्रशासनले सतर्कता अपनाउन अपिल गरेको छ।

असार महिना अन्तिम सातासम्म मधेस प्रदेशमा शून्य रहेको कोरोना सङ्क्रमण पुनः बढ्न थालेको भन्दै जिल्ला प्रशासन कार्यालय धनुषाले आज सूचना जारी गरी सर्तकर्ता अपनाउन अपिल गरेको हो। हाल कोभिड-१९ को सङ्क्रमण दर बढिरहेकाले मास्क लगाएर मात्र हिँड्न, बिना काममा भीडभाडमा नजान, सङ्क्रमणको शङ्का भएमा सङ्क्रमण परीक्षण तुरुन्त गर्न साथै बुस्टर डोज बाँकी रहेका सबैलाई नजिकैको स्वास्थ्य संस्थामा गएर बुस्टर डोज लगाउन जिल्ला प्रशासन कार्यालय धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीद्वारा जारी सूचनामा उल्लेख छ।

मधेस प्रदेश स्वास्थ्य निर्देशनालय सपही धनुषाका अनुसार पछिल्लो २४ घण्टामा प्रदेशमा छ जना कोरोना सङ्क्रमित पाइएको छ। यसअघि गत मङ्गलबार पनि मधेस प्रदेशसमा चार जनामा कोरोना सङ्क्रमण पुष्टी भएको थियो।

योसँगै मधेस प्रदेशमा कोरोना पोजेटिभका सक्रिय सङ्क्रमितको सङ्ख्या ४० पुगेको स्वास्थ्य निर्देशनालयले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

त्यसैगरी, पर्साको वीरगन्ज भन्सार नाका, सिरहाको माडर नाका, रौतहटको गौर नाका र महोत्तरीको भिठामोठ नाकामा २०३ जनाको गरिएको एन्टिजेन परीक्षण गर्दा कुनै पनि व्यक्तिमा कोरोना सङ्क्रमण नभेटिएको निर्देशानालयले जनाएको छ। यसैबीच, अहिलेसम्म मधेश प्रदेशमा कोरोना सङ्क्रमित भएकामध्ये ९७ दशमलव ४ प्रतिशत निको भई घर फर्केका छन् भने २ दशमलव ५६ प्रतिशत कोरोना सङ्क्रमितको मृत्यु भएको निर्देशनालयले जनाएको छ।

# उच्च अदालत जनकपुरद्वारा ४९ प्रतिशत मुद्दा फछ्र्योट

**टुडे एक्सप्रेस** / जनकपुरधाम

उच्च अदालत जनकपुरले आर्थिक वर्ष २०७८/७९ मा ४९ दशमलव १५ प्रतिशत मुद्दा फछ्र्योट गरेको छ। आव २०७८/७९ मा कायम भएका चार हजार ७२४ मुद्दामध्ये दुई हजार ३२२ मुद्दा फछ्र्योट गरिएको थियो। अदालतका रजिष्ट्रार खड्गराज अधिकारीका अनुसार आव २०७७/७८ देखि जिम्मेवारी सरेर आएका दुई हजार ४६६ मुद्दामध्ये एक हजार ७४४ र आव २०७८/७९ मा नयाँ दर्ता भएका दुई हजार २५८ मुद्दामध्ये ५७८ मुद्दा फछ्र्योट गरिएका थिए। अघिल्लो आवबाट जिम्मेवारी सरेर आएका ७२२ र आव २०७८/७९ मा नयाँ दर्ता भएका मुद्दामध्ये एक हजार ६८० मुद्दा फछ्योंट गर्न बाँकी रहेको अधिकारीको भनाइ छ।

आव २०७८/७९ मा सरल किसिमका १२२, समान्य किसिमका ४५६, विशेष किसिमका ९९७ तथा मार्ग समूहमा नपर्ने/डिसीएम लागू हुनुपुर्वका ७४७ मुद्दा फछ्र्योट भएका छन्। आव २०७७/७८ मा सो अदालतले ३३ प्रतिशत अर्थात् एक हजार २१६ मुद्दा फछ्र्योट गरेको थियो भने आव २०७६/७७ मा ५२ दशमलव २० प्रतिशत अर्थात् दुई हजार ७२ मुद्दा फछ्र्योट गरेको थियो। सो अदालतले आव २०७५/७६ मा सबैभन्दा बढी ७२ दशमलव ९६ अर्थात् तीन हजार २१२ मुद्दा फछ्र्योट गरेको थियो।

कोरोना महामारी, कानुन व्यवसायीको आन्दोलन र त्यसपछि न्यायाधीशहरूको सरुवालगायत कारणले अपेक्षितरूपमा मुद्दाको फैसला गर्न नसकिएको अदालतका कामु मुख्यन्यायाधीश विनोद शर्माले बताउनुभयो। अघिल्लो आवको तुलनामा यस वर्ष बढी मुद्दा फैसला गर्न सफल भएको उहाँको भनाइ छ।

# मापदण्डअनुसारको ढक तराजु प्रयोग नगर्नेलाई कारबाही

**टुडे एक्सप्रेस** / जनकपुरधाम



गुणस्तर तथा नापतौल कार्यालय जनकपुरधाम धनुषाले आर्थिक वर्ष २०७८/७९ मा अनियमित नापतौल तथा नाप्ने तौलने यन्त्र प्रयोग गर्ने एक हजार १३९ व्यापारीमाथि कारबाही गरेको छ।

विभिन्न समयमा गरिएको बजार अनुगमनका क्रममा मापदण्ड विपरीतको नापतौल तथा नाप्ने तौलने यन्त्रको प्रयोग गर्ने गरिएको पाइएपछि व्यापारीमाथि कारबाही गरिएको सो कार्यालयका प्रमुख रजनिश झाले जानकारी दिनुभयो। यस्तै उक्त अवधिमा विभिन्न शीर्षकमा रु ३५ लाख ९० हजार ९९५ राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ।

बजार अनुगमनसँगै जिल्लामा डोर खटाएपछि गत आर्थिक वर्ष २०७७/७८ को तुलनामा आव २०७८/७९ मा करिब ४७ दशमलव २५ प्रतिशत बढी राजस्व सङ्कलन भएको कार्यालय प्रमुख झाले बताउनुभयो। आर्थिक वर्ष २०७८/७९ मा ६१६ व्यापारीको नापतौल तथा नाप्ने तोल्ने यन्त्र प्रयोग गर्न अनुमतिपत्र प्रदान तथा इजाजतपत्र नवीकरण गरिएको, एक हजार ५७८ व्यापारीको नापतौल तथा नाप्ने यन्त्रको जाँच गरिएको, ५८६ पेट्रोलियम पदार्थ वितरण पम्पको जाँच गरिएको कार्यालय प्रमुख झाले जानकारी दिनुभयो। त्यस्तै सो अवधिमा नापतौलसम्बन्धी उपभोक्ताको हकहित संरक्षणका लागि ११ पटकमा ५८ व्यापारिक फर्ममा एकल, आठ पटकमा ४६ व्यापारिक फर्ममा संयुक्त अनुगमन गरिएको प्रमुख झाको भनाइ छ। यसअवधिमा नौ पटक गरी विभिन्न १७ स्थानमा डोर (अनुगमन) खटाइएको समेत प्रमुख झाले बताउनुभयो। अघिल्लो आर्थिक वर्ष २०७७/७८ मा सो कार्यालयले विभिन्न शीर्षकबाट रु २४ लाख ३८ हजार ९९५ राजस्व सङ्कलन गरेको थियो। दरबन्दीभन्दा कम जनशक्तिका बाबजुद पनि सो कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र पर्ने मधेश प्रदेशका धनुषा, महोत्तरी, सर्लाही र बागमति प्रदेशका सिन्धुली तथा रामेछापमा व्यापारीले गैरकानुनी रुपमा प्रयोग गर्ने ढक, तराजुलाई निरुत्साहित गर्न डोर (अनुगमन) गर्दै आएको कार्यालय प्रमुख झाले बताउनुभयो। कुनै पनि नापतौल गर्ने यन्त्र प्रयोग गर्न पूर्व खरिद गरेको ३५ दिनभित्र नजिकैको गुणस्तर नापतौल कार्यालयबाट अनुमति लिइसक्नुपर्ने कानुनी व्यवस्था छ। नापतौल दस्तुर तथा जरिवाना दस्तुर कम भएको र कानुनी कारबाही प्रक्रियासमेत झन्झटिलो भएकाले व्यापारीलाई कालोबजारी गर्न सजिलो भएको सो कार्यालयले जनाएको छ।

# चुरे अभियानीले थाले रिले अनशन

**टुडे एक्सप्रेस** / जनकपुरधाम




चुरे तथा वन जंगल संरक्षण अभियानले बुधबारबाट जनकपुरधाममा अनिश्चितकालिन रिले अनशन थालेको छ।चुरे वन जंगल संरक्षण सम्बर्द्धनका निम्ती र भूमिहिन दलीत सुकुम्बासी तथा अव्यवस्थीत बसोबासीहरूको हक अधिकारका निम्ती अभियानले जनककपुरधामस्थित जनक चौकमा अनिश्चितकालिन रिले अनशन थालेको छ। सरकारले भूमीहिनको नाममा दिएको जग्गा, पहुँचवाला र नक्कली भूमीहिनले प्राप्त गर्दै आएको गुनासो अभियानका संयोजक सुनिल यादवले बताए।तराईको लाइफ लाइन मानिने चुरेको नाममा समेत करोडौको रकम सरकारले खर्च गर्दै आएता पनि चुरे तथा तराई मधेसका वन जंगल संरक्षण हुनुको साटो पैसा र पहुँचवालाले कब्जा गरेर निजी स्वार्थको लागि उपभोग गर्दै आएको यादवले आरोप लगाएका छन्। आफूहरूले राखेको मांग पूरा नभए आगामि दिनमा आमरण अनशनमा बस्न बाध्य हुने यादवले चेतावनी दिएका छन्। अभियानले विगतमा आमरण अनशनमा बस्दा प्रदेश सरकारले मांग पूरा गर्ने आश्वासन दिएको थिए। तर मांग पूरा नभएको संयोजक यादवको आरोप छ।

# न्यायधीश निधि र अन्सारीले बलात्कार आरोपितलाई उन्मुक्ति दिंदा पदबाटै बर्खास्त



राकेशकुमार निधि



नसरुल्लाह अन्सारी

**टुडे एक्सप्रेस** / जनकपुरधाम

केही दिन अघि दुई न्यायधीशलाई न्याय परिषद्ले बर्खास्त गरेको थियो। उनीहरूलाई बर्खास्त हुनु कारण यस्तो छ ।न्याय परिषद्बाट बर्खास्तीमा परेका न्यायाधीशद्वय राकेशकुमार निधि र नसरुल्लाह अन्सारीले जबर्जस्ती करणी मुद्दामा पुर्पक्ष थुनामा पठाइएका आरोपितलाई सामान्य तारिखमा छोड्ने आदेश दिएका थिए। ०७४ फागुन ३ गते जबर्जस्ती करणी, किर्ते नागरिकता र लागूऔषध मुद्दामा विवादित हुँदै आरोपितलाई उन्मुक्ति दिएका थिए। उनीहरूले विभिन्न खाले मुद्दामा पदीय मर्यादा विपरित सम्बन्धित मुद्दाको प्रमाणलाई बेवास्ता गर्दै आदेश दिन थालेपछि उनीहरूको आलोचना हुँदै आएको थियो ।दुई न्यायधीलाई पदबाटै बर्खास्त गरेपनि परिषद्ले भने अर्की न्यायाधीश बबिता उप्रेतीलाई सचेत गराएको छ ।उच्च अदालत जनकपुरको राजविराज इजलासमा हुँदा गरेको विवादित र त्रुटिपूर्ण आदेशका कारण यी तीनै न्यायाधीश हालै कारबाहीमा परेका छन्।

निधि हाल उच्च अदालत महेन्द्रनगर र अन्सारी उच्च अदालत सुर्खेतको जुम्ला इजलासमा थिए ।सप्तरीको रूपनी गाउँपालिकाको एक बलात्कार मुद्दामा सप्त्री जिल्ला अदालतीले बिलेती भनिने देवनारायण यादवलाई पुर्पक्षका लागि कारागार पठाउने आदेश गरेको थियो। उक्त आदेशलाई बदर गर्दै निधि र अन्सारीले सामान्य तारिखमा छोड्ने आदेश गरेका थिए। ०७४ फागुन ३ मै जिल्ला अदालतको आदेश उल्ट्याउँदै किर्ते नागरिकता प्रकरणका आरोपित भारतीय नागरिकहरूलाई उनीहरूले उन्मुक्ति समेत दिएका थिए ।मुद्दामा बहस नै नगरेका कानुन व्यवसायीको नामसमेत आदेशमा पाइएको थियो। भारतीयको नागरिकता बनाउन सहयोग गरेको आरोप लागेका राजविराज वडा नम्बर १० का तत्कालीन वडा सचिव मो. वकिललाई पुर्पक्षका लागि थुनामा राख्ने जिल्लाको आदेश उल्टाउँदै जनही १ लाख २५ हजार रुपैयाँ धरौटीमा छाड्ने आदेश भएको थियो। निधि र अन्सारीको संयुक्त इजलासको आदेशमा अधिवक्ता पवनकुमार कर्णले समेत बहस गरेको लेखिएको थियो। तर बहस भएका दिन कर्ण काम विशेषले झापामा थिए ।त्यस्तै न्यायाधीश बबिता उप्रेतीले समेत बिवादास्पद फैसला गरेको भन्दै परिषद्ले सचेत गराएको छ। राय किताब र फैसलाको पूर्ण पाठमा फरक-फरक तथ्य राखेपछि न्यायाधीश अन्सारी र उप्रेतीको विरोधमा बार एसोसिएसनले उच्च अदालतको राजविराज इजलास नै बहिष्कार गरेको थियो। सर्वोच्च अदालतका तत्कालीन वरिष्ठतम् न्यायाधीश ओमप्रकाश मिश्रको नेतृत्वमा घटनाबारे छानबिन गर्न उच्चस्तरीय टोली राजविराज आएको थियो ।०७४ कात्तिक ६ मा जग्गासम्बन्धी मुद्दामा अन्सारी र उप्रेतीले राय किताबमा सुरुमा सदर लेखे पनि फैसलाको पूर्ण पाठमा '२ बिघा ८ कट्ठा १५ धुरबाहेक' लेखेपछि विवादमा परेका थिए। बलान बिहुल वडा नम्बर ४ स्थित बेल्हीकी सुमित्रादेवी साहविरुद्ध सासू धनमादेवीसमेतको मिलापत्र बदर, जालसाजी र अंशबन्डा मुद्दामा न्यायाधीश उप्रेती र अन्सारीको कात्तिक ६ गतेको इजलासले जिल्लाको ०७१ जेठ २७ को फैसला सदर भनी राय किताबमा लेखिएकामा फैसलाको पूर्ण विवरणमा बकसपत्रको २ बिघा ८ कट्ठा १५ धुर जग्गाबाहेक सुरु सदर थपेर फैसला फरक पारेको थियो ।त्यस्तै राजविराजमा रहँदा न्यायाधीशद्वय निधि र अन्सारीले आफ्नो आचरणको समेत ख्याल गर्दैनथ्यो। मुद्दाका पक्ष विपक्षसँग उठबस गर्ने, दलाल परिचालन गरी वादी-प्रतिवादीलाई सम्पर्कमा ल्याउने, रकमको प्रलोभनमा पारी आदेश र फैसला गर्ने गरेको आरोप उनीहरूमाथि लागेको थियो। सप्तरी जिल्ला अदालतबाट जाने क्रममा उनीहरू कैयौं दिनसम्म हिसाबकिताब मिलानमै व्यस्त थिए।

# ३६ वर्षपछि नारायणी सिंचाइ व्यवस्थापन कार्यालयको नाममा जग्गा

**टुडे एक्सप्रेस** / वीरगञ्ज




पर्साको वीरगञ्जस्थित नारायणी सिँचाइ व्यवस्थापन कार्यालयको करोडौं मूल्य बराबरको जग्गाको लालपुर्जा ३६ वर्षपछि थप सात कट्ठा १५ धुर कार्यालयको नाउँमा आएको छ।


कार्यालय हाताभित्र रहेको कूल पाँच बिघा क्षेत्रफलमध्ये पछिल्लो पटक थप सात कट्ठा १५ धुर जग्गा कार्यालयको नाउँमा आएको हो। कार्यालय हाताभित्र रहेको जग्गा २०३०/३२ मा सरकारले मुआब्जा दिई अधिग्रहण गरे तापनि लगत कट्टा हुन नसकेपछि उक्त जग्गाको हालसम्म कार्यालयको नाउँमा लालपुर्जा बन्न सकेको थिएन्। साविक पर्सा बहुअरी वडा नं ७ को कित्ता नं ४ को सात कट्ठा १५ धुर जग्गाको भूमिसुधार तथा मालपोत कार्यालयले लगत कट्टा गरी लालपुर्जा बनाएपछि ३६ वर्षपछि बल्ल आएर लगत कट्टा भई उक्त जग्गा कार्यालयको नाउँमा आएको कार्यालय प्रमुख प्रशून मिश्रले जानकारी दिनुभयो।

तत्कालीन अञ्चालाधीशको कार्यालयले नारायणी अञ्चल सिँचाइ विकास आयोजनाका लागि प्रतिकट्ठा रु एक हजारका दरले मुआब्जा दिई अधिग्रहण गरेको थियो। उक्त जग्गा बहुअरी, वीरगञ्ज-१४ का स्व सिलाकत मियाँको थियो। सुरूमा उक्त जग्गा बारा भूमिसुधार तथा मालपोत कार्यालय अर्थात् त्यस बेलाको भूमि प्रशासन कार्यालय मातहत थियो।

जग्गा अधिग्रहण गरी लगत कट्टा गर्नेबारे अञ्चलाधीशको कार्यालयले भूमि प्रशासन कार्यालय बारालाई पत्र लेखेको थियो। उक्त जग्गाको लगत कट्टा हुन नसकेपछि सो जग्गा हाल आएर स्व सिलाकत मियाँका छोरा जहुरद्दीन अन्सारीको नाममा नामसारी भएर कार्यालयको नाममा आएको हो ।

नारायणी अञ्चल सिँचाइ आयोजना हालको नारायणी सिँचाइ व्यवस्थापन कार्यालयलाई २०७६ सालमा जग्गाको स्वामित्वबारे जानकारी भएपछि जग्गाप्रातिको लागि प्रक्रिया सुरू गरिएको थियो। भूमिसुधार तथा मालपोत कार्यालय मातहतको उक्त जग्गा २०६२ सालमा पर्सा भूमिसुधार तथा मालपोत कार्यालयको मातहतमा आएको थियो। त्यसैले कार्यालयले उक्त जग्गाका लागि पर्सा मालपोतसँग प्रक्रिया सुरू गरेको थियो ।पछिल्लो पटक पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल र पर्सा मालपोत कार्यालयका प्रमुख ऋषिप्रसाद दाहालको सहजीकरणमा जग्गाको लालपुर्जा बनेपछि सरकारी जग्गा संरक्षणमा टेवा पुगेको नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका सूचना अधिकारी इञ्जिनीयर सुबोध कुशावाहाले जानकारी दिनुभयो ।रासस

# सीमावर्ती जिल्लामा भेटिन थाले कोरोना सङ्क्रमित



**टुडे एक्सप्रेस** / पर्सा

कोरोना भाइरस सङ्क्रमणको उच्च जोखिममा रहेको सीमावर्ती जिल्ला पर्सामा पुनः कोरोना सङ्क्रमित भेटिन थालेका छन्। विगत चार महिनादेखि बन्द रहेको पिसिआर परीक्षण वीरगञ्जको नारायणी अस्पतालमा सुरु भएपछि सङ्क्रमित भेटिन थालेका हुन्। गत चैतको अन्तिम सातादेखि सङ्क्रमित नभेटिएपछि बन्द गरिएको पिसिआर परीक्षणलाई पुनः सुरु गरिएपछि सङ्क्रमित भेटिन थालेको नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले जानकारी दिनुभयो।

सिंहका अनुसार वीरगञ्जस्थित नारायणी अस्पतालमा पछिल्लो २४ घण्टामा भएको पिसिआर परीक्षणको रिपोर्टअनुसार छ जना सङ्क्रमित भेटिएका छन्। उहाँले ३४ जनाको स्वाबलाई परीक्षण गर्दा छ जना महिलामा सङ्क्रमण पुष्टि भएको बताउनुभयो ।ज्वरो, खोकीको उपचार गराउन अस्पताल आएका बिरामीमध्ये शङ्का लागि पिसिआर परीक्षण गर्दा कोरोना सङ्क्रमण पुष्टि भएको डा सिंहले जानकारी दिनुभयो। अठार वर्षदेखि २४ वर्ष उमेर समूह रहेका ती महिला सङ्क्रमितको स्वास्थ्य अवस्था समान्य रहेको र हाल देखिएको खोकी तथा ज्वरोको घरमै राखी उपचार भइरहको उहाँले बताउनुभयो। नारायणी अस्पतालमा हाल प्रत्येक मङ्गलबार शङ्का लागेका बिरामीको पिसिआर परीक्षण सुरु गरिएको र यो सङ्ख्या बढ्दै गए परीक्षणको दायरालाई बढाउँदै लैजाने अस्पताल प्रशासनले जनाएको छ ।रासस




ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य

## आजको राशिफल

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ । दिनको उत्तरार्ध अधिक सुखद् रहनेछ ।

**वृष :** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) दैनिक कार्यमा सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । प्रेम सम्बन्ध र प्रणय प्रसङ्गका लागि पनि श्रेष्ठ समय रहेको छ ।

**मिथुन :** (का, कि, कु, घ, ङ, छ, के, को, हा) परिश्रम गर्दा धनार्जन हुनेछ । शिक्षामा सफलता मिल्ने छ । शेयरको कारोवारमा समेत सफलता मिल्नेछ ।

**कर्कट :** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) आज आतिथ्यपूर्ण सम्मान पाइएला । प्रेम र मित्रताको बन्धन कसिने बेला छ ।

**सिंह :** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्नेछन् ।

**कन्या :** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । घरमा अतिथीको आगमन हुनेछ ।

**तुला :** (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला । स्वास्थ्यमा खरावी र हला । आर्थिक कारोवारमा मन्दी आउनेछ ।

**वृश्चिक :** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) शुभ कार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ ।

**धनु :** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।

**मकर :** (भो,जा,जि,जु,जे,जो,ख,खि,खु,खे,खो,गा,गि) आज वैदेशिक क्षेत्रबाट सफलता मिल्नेछ । सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला ।

**कुम्भ :** कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा) आज आर्थिक लेनदेनमा समस्या देखा पर्ला । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।

**मिन :** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) आज को समय उत्साहवर्द्धक नै रहला । श्रमको उचित मूल्यांकन होला । पढाइमा प्रगति हुनेछ ।


# मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गर्न सांसदहरूको माग



**टुडे एक्सप्रेस** / सर्लाही

सांसदहरूले मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गर्दै किसानहरूलाई मलखाद र सिंचाइको सहज सुविधा पुर्याउन सरकारको ध्यानाकर्षण गराएका छन् ।बिहिवारको प्रतिनिधि सभा बैठकको विशेष समयमा बोल्दै सांसदहरूले मधेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गर्दै राहत दिन सरकारको ध्यानाकर्षण गराएका हुन्। नेकपा एमालेका सांसद वृजेश कुमार गुप्ताले मलखाद नपाएर समस्यामा परेका किसानहरू अहिले पानी नपर्दा थप मर्कामा परेको बताउँदै सुख्खाग्रस्त क्षेत्र घोषणा गरेर राहत दिन माग गरे। घरमा भएको अन्न रोपिसकेको तर खडेरीले थप मर्कामा पर्दा किसानहरू आत्महत्या गर्ने स्थितिमा पुगेको जिकीर गर्दै उनले भने, 'पानी नभएर आकाशको भरमा खेति गर्नुपर्ने अवस्थामा छन्। कति त अहिले आत्महत्या गर्ने स्थितिमा छन्। जे घरमा थियो, त्यो उनीहरूले रोपिसके। तर पानी नपरेर अलपत्रमा परेका छन्।'सीमापारीबाट निर्वाध मलखाद ल्याउने व्यवस्था मिलाउन पनि उनले माग गरे। सिमानामा प्रहरीले मलखाद ल्याउनेहरूलाई अवरोध गर्ने गरेको भन्दै उनले प्रहरीलाई अवरोध नगर्न निर्देशन दिनुपर्ने बताए ।सांसद राधा ज्ञवालीले पनि खेतीपातीको समयमा मलखाद नल्याउनु सरकारको नालायकीपन भएको बताउँदै अविलम्ब मलखाद ल्याएर किसानहरूलाई उपलब्ध गराउन माग गरिन् ।जसपाका सांसद रामेश्वर राय यादवले मधेशलाई सुख्खा ग्रस्त क्षेत्र घोषणा गर्न माग गरे। उनले अनिकालबाट जोगाउन, नाम नागरिकलाई भोकमरीबाट जोगाउन सरकारले नहर र डिप बोरिङको व्यवस्था गर्नुपर्ने बताए।

# श्रोत नखुलेको ४१ लाख ५५ हजार नगदसहित भारतीय नागरिक पक्राउ

**टुडे एक्सप्रेस** / पर्सा



पर्सामा स्रोत नखुलेको ठूलो परिणामको रकमसहित एकजना भारतीय नागरिक पक्राउ परेका छन्। पक्राउ पर्नेमा भारतको बिहारस्थित पूर्वी चम्पारण थाना रक्सौल वडा नम्बर ११ बस्ने राकेश कुमार छन् ।बुधबार भारतीय नम्बरको बीआर ०५ एन ०२३८ को हिरो होण्डा ग्ल्यामर मोटरसाइकलको सिटमुनि र तेल ट्यांकीभित्र लुकाएर ल्याउँदै गरेको अवस्थामा ४१ लाख ५५ हजार नगदसहित उनलाई पक्राउ पर्साका प्रहरी नायब उपरीक्षक प्रल्हाद कार्कीले जानकारी दिए ।उनलाई पर्साको वीरगञ्ज महानगरपालिका वडा नम्बर १६ रजतजयन्ती चोकबाट पक्राउ गरेको हो ।स्रोत नखुलेको उक्त परिणामको नगदसहित पक्राउ परेका भारतीय नागरिक राकेशलाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ विरुद्धको कसुरमा थप अनुसन्धान अघि बढाएको डीएसपी कार्कीले बताए ।गएको आर्थिक वर्ष पर्सामा एक करोड ६५ लाख १३ लाख ६२० रुपैयाँसहित २२ हुण्डी कारोबारी पक्राउ परेको पर्सा प्रहरी कार्यालयले जनाएको छ।

# कैलालीका भन्सारमा लक्ष्यअनुसार राजस्व सङ्कलनमा कमी

टुडे एक्सप्रेस / टीकापुर




कैलालीका भन्सार कार्यालयबाट गत आर्थिक वर्षमा लक्ष्यअनुसारको राजस्व सङ्कलनमा कमी आएको छ। दुईवटा भन्सार कार्यालय रहेको कैलालीमा आर्थिक वर्ष २०७८/०७९ मा ती कार्यालयलाई भन्सार विभागले तोकेको लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको हो। आव २०७८/०७९ मा विभागले रु ११ अर्ब ८२ करोड राजस्व उठाउनुपर्ने लक्ष्य तोकेकामा तोकिएभन्दा कम रु नौ अर्ब ५८ करोड मात्र राजस्व उठेको कैलाली भन्सार कार्यालयका सूचना अधिकारी अम्बिका केसीले जानकारी दिनुभयो। "यस वर्ष लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको छ। यस वर्ष सङ्कलन भएको राजस्व लक्ष्यको ८१ प्रतिशत मात्र हो", उहाँले भन्नुभयो, "यस वर्ष राजस्व लक्ष्यभन्दा कम उठेको छ।"अर्को खक्रौलास्थित सत्ती भन्सार कार्यालयबाट पनि लक्ष्यअनुसार राजस्व उठेको छैन। उक्त कार्यालयलाई गत आर्थिक वर्षमा रु २० करोड ५८ लाख, ६१ हजार राजस्व उठाउन भनिएकामा रु १० करोड, ६७ लाख, ९३ हजारमात्र राजस्व उठेको छ। यो लक्ष्यको ५२ प्रतिशत मात्र भएको भन्सार प्रमुख विमलकुमार शाहले जानकारी दिनुभयो। "फागुनदेखि चैतसम्म कोरोनाको असर, विदेशी मुद्रामा परेको दवावका कारण राष्ट्र बैंकले १० वटा वस्तु आयातमा लगाएको रोक लगाएको थियो। यीलगायत विविध कारणले भन्सारमा सामान नआउँदा लक्ष्यअनुसार राजस्व उठाउन सकिएन", कैलाली भन्सार कार्यालयका सूचना अधिकारी केसीले भन्नुभयो, "धेरै सामान आयात भएमा धेरै राजस्व सङ्कलन हुन्थ्यो, आयात कम भएकाले राजस्वसमेत घटेको हो।" भन्सार कार्यालयबाट पेट्रोलियम पदार्थ, कपडा, मोटर पार्टस, हार्डवेयरका सामान, चामल, गहुँ, पापड भुजिया, दालमोठ, बिस्कुट, आलुजस्ता खाद्य वस्तुको आयात धेरै हुने गरेको छ, निर्यात भने न्यून मात्रामा हुने गरेको र त्यसबाट नगन्य मात्रामा मात्र राजस्व सङ्कलन हुने गरेको भन्सार कार्यालयले जनाएको छ।रासस

# प्रचार अभावले ओझेलमा गोसाइँस्थान र दृश्यावलोकन स्तम्भ

टुडे एक्सप्रेस / बनेपा



काभ्रेपलाञ्चोकको पुरानो बजार बनेपाबाट उत्तर-पूर्वितर्फ हरियाली भएर उभिएको गोसाइँस्थान डाँडा धार्मिक र पर्यापर्यटनको दृष्टिकोणले प्रसिद्ध ठाउँ हो। बनेपा र धुलिखेल बजारको बीचमा रहेको सो ठाउँमा धार्मिकस्थल गोसाइँस्थान र त्यसमाथिको अग्लो डाँडामा रहेको दृश्यावलोकन स्तम्भले सो डाँडा निकै प्रसिद्ध छ।बजारको कोलाहलबाट नजिकै रहे पनि हरियाली वनजङ्गलको बीचमा रहेको अग्लो ठाउँ भएका कारण निकै शान्त, रमणीय र मनोरञ्जन लिनाका साथै धार्मिक दृष्टिकोणले महादेव मन्दिरको दर्शन गर्न पाइने पवित्र ठाउँ भएकाले पनि आकर्षक केन्द्रका रुपमा रहेको छ। बनेपा नगरपालिका-६ मा पर्ने उक्त ठाउँमा पछिल्लो समयमा भने पर्यटकको आवागमन कम भएको छ। बनेपा-६ कार्की गाउँका अञ्जु बानियाँले कोरोना सङ्क्रमणको समययता निकै कम मात्रमा पर्यटक आउने गरेको बताउनुभयो। "पहिला पहिला काठमाडौँ उपत्यकालगायत छिमेकी जिल्ला सिन्धुपाल्चोक, दोलखा, रामेछाप र सिन्धुली लगायतका जिल्लाबाट समेत बनेपाको गोसाइँस्थानमा दर्शन गर्नका लागि दर्शनार्थी आउने गरेकामा कोरोना सङ्क्रमणकालयता भने धेरै कम भएको छ", उहाँले भन्नुभयो, "यहाँका सडक सुविधा र थप भौतिक संरचना निर्माणले भने केही मात्रमा मानिसको आवागमन वृद्धि हुन थालेको छ।"करिब चार वर्षदेखि गोसाइँस्थान डाँडामा सामान्य पसल राखेर पानी, बिस्कुट, चिया राखेर सामान्य व्यापार गर्दै आउनुभएका उहाँले त्यस ठाउँका बारेमा थप प्रचार गर्न सकेमा घुम्न आउनेको सङ्ख्यामा उल्लेख्य बृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। गोसाइँस्थानमा प्रत्येक जनैपूर्णिमा पर्वमा विशेष मेलासमेत लाग्ने गरेको छ। सो ठाउँमा अरु समयमा भने दृश्यावलोकन स्तम्भ चढ्ने तथा त्यहाँका प्राकृतिक मनमोहकस्थल घुम्नका लागि शनिबार र बिदाका दिनमा भने मानिस पुग्ने गरेको उहाँको भनाइ छ।कार्की गाउँकै अर्का बासिन्दा एवं गोसाइँस्थान मन्दिर संरक्षण समितिका उपाध्यक्षसमेत रहनुभएका दीपक कार्कीले गोसाइँस्थान र दृश्यावलोकनस्तम्भ क्षेत्र जाने सडक, सिँढी र अन्य थप भौतिक संरचना निर्माणको कार्यले तीव्रता पाएसँगै घुम्न जानेको केही मात्रमा वृद्धि हुँदै गएको बताउनुभयो। सो ठाउँमा अहिले पछिल्लो समयमा नयाँ मुक्तिनाथ मन्दिर, हनुमान मन्दिर, घण्टा राख्ने, रामायण भजन गर्ने भवन, पक्की शौचालय भवन बनिसकेको र अब उद्यान निर्माण हुने तयारीमा रहेको उहाँले बताउनुभयो। यसअघि भएको संरचनाको निर्माण गर्दा बाटोको सुविधा नभएको कारण अरनिको राजमार्गदेखि बोकेर त्यहाँ भएको संरचना निर्माण गरेकामा अहिले धुलिखेल-रविओपी-बाँशिभञ्ज्याङ हुँदै नगरकोट मार्गअन्तर्गत गोसाइँस्थान मन्दिर नजिकै भएर पक्की सडक निर्माणको कार्य अगाडि बढेपछि थप संरचना निर्माणका लागि र मन्दिर दर्शन गर्न तथा घुम्नका लागि पुग्ने पर्यटकलाई निकै सहज भएको उहाँले बताउनुभयो।गोसाइँस्थान मन्दिर संरक्षण समितिका अध्यक्ष भेषराज शाहले पछिल्लो दुई वर्षयता मात्रै करिब रु ८० लाख बराबरका भौतिक संरचना निर्माण गरिसकेकाले गोसाइँस्थान मन्दिर परिसरको मुहार फेर्दै गएको बताउनुभयो। रसुवाको गोसाइँकुण्डसँग यसको महत्व जोडिएका कारण पनि यसलाई धार्मिक दृष्टिकोणले महत्वपूर्ण रुपमा लिएको पाइन्छ।

सो क्षेत्रमा नेवार समुदायले अन्तपात चढाउने, ब्राम्हण समुदायले जनै लगाउने र डोरो बान्ने तथा तामाङ समुदायको झाँक्रीले ढ्याङ्गो बजाएर नाच्ने गरेर वर्षको एक पटक भव्य मेला लाग्ने गरेको पवित्र ठाउँ भएका कारण यस ठाउँलाई थप विकास गर्ने चरणमा लागिरहेको उहाँले बताउनुभयो। सो क्षेत्रमा गोसाइँस्थान मन्दिर परिसरबाहेक नैमिषारण्य संस्कृत गुरुकूल, दृश्यावलोकन स्तम्भ, शहीद स्मारक र चण्डेश्वरी मन्दिर यसको वरिपरी रहेका छन्। यसरी वरिपरी अन्य महत्वपूर्ण धार्मिक आस्थाका केन्द्रले घेरिएको सुन्दर रमणीय ठाउँ भए पनि यहाँको प्रचारप्रसारमा कमि भएको कारण पछाडी परेको स्थानीय बासिन्दा बताउँछन्।रासस

# उद्धेश्यसहित गठबन्धन हुन्छ : महामन्त्री थापा

टुडे एक्सप्रेस / चितवन



नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले आसन्न संघीय र प्रादेशिक निर्वाचनमा निश्चित उद्देश्यसहित दलहरूको बीचमा तालमेल हुनुपर्ने बताउनुभएको छ।नेपाल प्रेस युनियन चितवनले विहिवार यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँ तालमेल के का लागि पहिले नै टुङ्गो लाग्नुपर्छ भन्नुभयो। महामन्त्री थापाले निर्वाचनपछि र अगाडिको तालमेल असफल भएको बताउनुभयो। उहाँले भन्नुभयो, "तालमेल के का लागि, जनतासँग जोडिन्छ कि जोडिँदैन भन्ने हुनुपर्छ।"

तत्कालका लागि नाफा मात्रै देखिन्छ भने त्यो आवश्यक नभएको उहाँले स्पष्ट पार्नुभयो । आगामी निर्वाचनका लागि गरिने तालमेलमा न्यूनतम समझदारी बन्नुपर्छ भन्नुभयो।

निर्वाचन अघि गरिने तालमेल दलहरूका बीचमा संविधानलाई हेर्ने दृष्टिकोण, आर्थिक सामाजिक मुद्दा र विदेश नीतिका सन्दर्भमा न्यूनतम समझदारी बन्नुपर्ने उहाँले बताउनुभयो।उहाँले भन्नुभयो, "यी कुरामा समझदारी हुँदैन भने तालमेल नगरेकै राम्रो।" न्यूनतम समझदारी नबनी तालमेल गर्दा निर्वाचन जितिसकेपछि साना कुरा, तानातानले तालमेल टुट्न सक्ने उहाँको भनाइ छ। "तालमेलमा रहेका दलहरूमा खाली सिटको बाँडफाँट हुने। निर्वाचन जित्ने कुरालाई मात्रै ध्यान दिने, निर्वाचन जितिसके पछि आआफ्नो मत रहने हो भने सानो कुराको स्वार्थले पनि दुर्घटनामा पर्देरहेछ भन्ने कुरा नेपाल कम्युनिष्ट पार्टीको २०७४ सालको निर्वाचनबाट देखेका छौँ।" महामन्त्री थापाले भन्नुभयो, " निर्वाचनमा एउटा पार्टीले एक्लै लड्दा बहुमत ल्याउने अवस्था छैन।"नेपाली कांग्रेस त्यसतर्फ सचेत रहँदै बहुमत ल्याउनका लागि तालमेल आवश्यक रहेको उहाँले बताउनुभयो। बहुमत स्थिर सरकारका लागि आवश्यक रहेको उहाँको भनाइ थियो। नागरिकसँग गरेका वाचा पाँच वर्षमा पूरा गर्नका लागि कांग्रेसलाई बहुमत आवश्यक रहेको उहाँले जिकिर गर्नुभयो।फरक प्रसङ्गमा उहाँले पार्टी सभापतिलाई बलियो बनाउँदै विधिसंवत पार्टी चलाउन आफूहरूको दबाब रहेको बताउनुभयो।रासस

# धानखेती छोड्दै ताप्लेजुङका किसान

टुडे एक्सप्रेस / फुङ्लिङ



विक्रम याक्सो अहिले बाँझो खेतबारीमा आँखा टोलाउँछन्। ताप्लेजुङ आठराई त्रिवेणी गाउँपालिका-४ हाङपाङ निवासी उहाँ विगतका असार साउनमा दिनहरूमा हिलोले लत्तपतिएर असारे गीत गाउँदै खेतबारीमा आली लगाएका दिनहरू सम्झिरहनुहुन्छ। खेतबारीमा हलो जोतेको, आली लगाएको यादहरू याक्सोको सम्झानामा मात्र सीमित हुन पुगेको छ। उहाँ विगका समयमा जेठ महिनाको पहिलो सातादेखि साउन तेस्रो सातासम्म खेतबारीमै हुन्थ्यो। असारे झरीमा लुथ्रक्कै भिज्दै बिहानीको उज्यालोको झिसमिसमै खेतबारी पुग्नुहुन्यो र बेलुका गोधुली साँझसम्म खेतबारीमै हुन्थ्यो। जुनेली रातमा पानीको कुलो फर्काउन खेतमा पुग्नुहुन्थ्यो तर अहिले उहाँ ६५ वर्ष पुग्नुभयो। उहाँलाई विस्तारै बूढेसकालले छुँदै गयो। हुर्किएकी तीन बहीनी छोरी विवाह गरेर गइसक्यो। परिवार घट्दै गयो। खेतबारी पनि बाँझो हुँदै गयो। विगतमा ८० मुरीदेखि ९० मुरी धान फलाउँने तर अहिले उहाँको धेरैजसो खेतबारी बाँझो हुन पुकेको छ। उहाँले भन्नुभयो, "पहिले त बेठी लगाएर नौमती बाजासहित धान रोप्थे तर अहिले कसैले बेठी लगाउँदैन। विस्तारै खेतीपाती गर्न छोड्दै गए। बरु खेतबारी बाँझो राखेर विदेशतिर जाने बढ्दै गयो।" गाउँमा खेतीपाती गर्ने खेतीयोग्य जमिन बाँझो हुने क्रम बढ्दै गएको छ।फक्ताङलुङ गाउँपालिका-२ खेजिमिका दिलकुमार पतङवा विगत तीन वर्ष अगाडिको समयमा खेतबारीमा हिलोले लत्पतिएर खेतको आली लगाउनुहुन्थ्यो, कहिले खेतबारीमा गोरु नार्दै गरेको भेटिन्थ्यो तर अहिले उहाँ अलैंची बगानमा अलैंची स्याहादै गरेको भेटिन्छ। उहाँले खेतबारी मासेर अलैंची लगाएको हो। केही वर्ष अगाडि ३० मुरी धान फलाउँदै आएको पताङवा अहिले भने एक दाना पनि फलाउँदैन। धान रोप्ने खेतबारीहरूमा सुन्तला, किवी, कफी र अलैंचीजस्ता फूलदेखि नगदे बाली लगाउन थालेको तिन वर्ष भयो। उहाँले गाउँगाउँमा सडक खन्ने काम सुरु भएसँगै खेतमा धान रोप्न छोडेर अलैंची तथा अन्य खेतीपाती गर्न तिर लागेको उहाँले जानकारी दिनुभयो। गाउँगाउँमा सडक खन्न थालेसँगै पहिरोको उच्च जोखिम बढ्दै गएर पछि खेतबारीमा धान रोप्न छोडेर अलैंची बगान हुर्काउन थालेको पतङवाको भनाइ छ। उहाँले भन्नुभयो, "सडकले गाउँका खेतबारी चिराचिरा बनाएको छ। बर्खाको समयमा घरमा बस्नसमेत जोखिम छ। यस्तो समयमा खेतमा झन पानीको कुलो लगायो भने गाउँ पहिरोको उच्च जोखिम हुन्छ। त्यसैले रुखको बिरुवासँगै अलैंची बगान लगाउन थालेको छु। अलैंची एक पटक रोपे पछि आठ नौ वर्ष रोप्नुपर्दैन। फल दिइरहन्छ। अलैंचीलाई शीतलता दिनका लागि रुख चाहिन्छ। रुख बिरुवा हुर्कायो भने पहिरो जानबाट रोकिन्छ। पहिरो गएन भने गाउँमा पहिराको जोखिम पनि हुँदैन भन्ने उद्देश्यले खेतबारी मासेर अलैंची बगान लगाउन थालेका पतङवाको भनाइ छ।फक्ताङलुङ-६ मादिबुङ गाउँका सन्तकुमार फेम्बू पाँच वर्ष अगाडि गाउँकै सबैभन्दा धेरै धान फलाउनेमा पर्नुहुन्थ्यो। गाउँका अधिकांश परिवार फेम्बुको खेतबारीमा धान रोप्न नपुगेको कोही पनि हुँदैनथ्यो तर विस्तारै गाउँमा खेतमा काम गर्ने खेताला पाउँन छोड्दै गयो। खेतालाको ज्याला पनि बढ्दै गयो। गाउँका युवा ऋण खोजेर विदेशिन थाले। खेतमा काम गर्ने ज्यालादारी पाउनै मुस्किल हुन थाल्यो। अन्यमा फेम्बुले खेतबारी मासेर अलैंची लगाउनुको विकल्प रहेन। विगतमा असारमा धमाधम धान रोपाइँ हुने खेत अहिले अलैंची बगानमा परिणात भएको छ।सिरिजङ्गा गाउँपालिका-४ तेल्लोकका चैतन्य इवारमको करिब १४ रोपनी खेतबारी अहिले बाँझोबारी हुन पुगेको छ। इवारम वैदेशिक रोजगारीमा जानुभयो। उहाँका परिवार पनि सहरतिर बसाइँसराइ सरेर गएसँगै खेतबारी अहिले बाँझो हुन पुगेको हो। इवाारमको मात्र होइन सिरिजङ्गा-४ तेल्लोक र आम्वेगुदिन क्षेत्रमा रहेको खेतबारी धेरै बाँझो हुन पुगेको सिरिजङ्गा-४का वडाध्यक्ष सिंहबहादुर लिम्बूले बताउनुभयो। उहाँका अनुसार विस्तारै खेतीपाती गर्ने बानी हराउँदै गएको छ। मान्छेहरू खेतबारीमा दुःख गरेर खान मान्दैनन्। कसरी हुन्छ सुखको खोजी गर्छन्। गाउँमा रहेका पनि सुख खोज्दै युवा विदेश जाने क्रम बढ्दो छ। गाउँदेखि सहरमा बसाई सर्नेको पनि लर्को उस्तै छ। गाउँका उर्बर जमिन बाँझो हुने क्रम बढ्दै गएको उहाँले बताउनुभयो। यी त हुन केही प्रतिनिधि पात्र। पछिल्लो समयमा ताप्लेजुङको अधिकांश खेतबारी बाँझो रहेको भेट्न सकिन्छ। गाउँमा पढाइको सिलसिला, रोजगारी तथा सहरतिर बसाइँसराइले उर्बर खेतबारी बाँझो हुँदै गएको हो।रासस

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (०४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आ"खा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (०१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आ"खा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (०४४-)

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

# शिक्षा सुधारका लागि नियत सफा गर

विद्यालयलाई स्थानियतहको जिम्मा दिइएपनि अहिले सम्म स्थनियतह अन्तरगतका विद्यालयहरूमा केहि सुधार हुन सकेको छेन । बरु भ्रष्टाचार वढाउने काम जरुर भएको छ । यसका लागि इमान्दार वनेर राम्रो निती निमार्ण गर्नु अति आवश्यक रहको छ । नियत सफा भएका क्षमतावान प्रधानाध्यापकहरूले आफनै पहलमा विद्यालय सुधार गरेका यथेष्ट उदाहरण छन्। विद्यालयको समग्र उन्नतिका लागि विद्यालयको नेतृत्व र व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। सकारात्मक सोच भएका उत्प्रेरित शिक्षकहरू पनि विद्यालयको नेतृत्व राम्रो भएन भने काम गर्न सक्दैनन्।विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरूसागै शिक्षासाग सरोकार राख्ने समुदायका अन्य व्यक्तिहरू पनि सहभागी गराउन सकिन्छ। यस समितिलाई आफनो काम, कर्तव्य र अधिकार बुझाउन सकियो भने स्कुलको व्यवस्थापन र अभिभावकसागको सम्बन्धमा आमूल परिवर्तन ल्याउन सकिन्छ। यसका लागि विद्यालय व्यवस्थापन समितिलाई आफनो काम गर्न आवश्यक सीपका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न सकिन्छ। त्यस्तै सिकाइ आदानप्रदान तथा समस्याहरूको सामूहिक समाधानका लागि पालिकाभित्रका विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको निश्चित समयमा भेला आयोजना गर्न सकिन्छ।अभिभावक शिक्षाका महत्वपूर्ण पक्ष हुन्। बालबालिकाको समग्र हुर्काइ अभिभावकहरूको पृष्ठभूमि, ज्ञान र सीपमा निर्भर गर्छ। त्यस्तै समुदायले पनि बालबालिकालाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हुर्काएको हुन्छ। समुदायसाग भएको ज्ञान, प्रविधि र संस्कृति बालबालिकाको लागि ज्ञानका स्रोत पनि हुन्। बालबालिकाहरू विद्यालयका सेवाग्राहीहरू हुन्। विद्यालयमा उनीहरूको पहुाच सहज हुनु पर्छ र विद्यालयका गतिविधिहरूमा सहभागिता हुनु पर्छ। बालबालिकाहरूले स्कुलमा गर्ने अनुभव नै स्कुलको सफलता वा असफलताको परीक्षा हो। अब्बल अभ्यास गरिरहेका स्कुलहरूलाई प्रोत्साहित गरे हुन्छ। संघर्षरत स्कुलहरूलाई प्राथमिकतामा राखेर काम गर्न सकिन्छ। कति विद्यालयलाई हौसला र स्याब्बासी चाहिएको छ। कतिलाई अत्यधिक सहयोग चाहिएको छ। यस्ता कार्यक्रम कति अहिलेकै स्रोतमा गर्न सकिन्छ, कति बाहिर स्रोत खोज्नु पर्छ। कति स्रोत आफनै ठाउबाट जम्मा गर्न सकिएला। कति प्रदेश सरकार र संघीय सरकारलाई विश्वस्त बनाएर पाउन सकिएला। कति शिक्षालाई माया गर्ने र मनकारी मानिसहरूको सहयोग लिएर जम्मा गर्न सकिएला। नियत सफा राखेर विश्वसनीय योजना प्रस्तुत गर्दा सहयोग गर्नेहरू पक्कै पनि भेटिन्छन्। शैक्षिक रूपान्तरणको अर्को महत्त्वपूर्ण पाटो काम गर्ने व्यक्तिहरूको समूह पनि हो। योजना कार्यान्वयन गर्न आफनो राजनीतिक स्वार्थभन्दा माथि उठेर दक्ष र कामप्रति लगाव भएका मानिसको समूह बनाउनै पर्छ । विद्यार्थी नै देशका कर्णधार हुने भएकोले यस प्रति समयमै सचेत वनी कत्वर्यनिष्ट जनप्रतिनिधी वन्नु आवश्यक छ ।

# न्यायिक महाभियोगका अभ्यास

न्यायिक महाभियोग सरकारकै राजनीतिक वृत्तले लगाउने एउटा प्रक्रिया हो, जसबाट सामान्यतः न्यायाधीशलाई आफ्नो पदबाट हटाउँछ। महाभियोगको अधिकार मुख्य रूपमा राजनीतिज्ञहरूको हातमा रहेको हुन्छ। मुख्यतः कुनै एक समयमा न्यायाधीशले कुनै राजनीतिक सिद्धान्तको पक्ष लियो भनेर राजनीतिक सिद्धान्तको आधारमा मात्र महाभियोग लगाउने गरिएको थियो। पछि न्यायाधीशलाई महाभियोग लगाएर हटाउने कार्य केही सीमित आधारमा र यदाकदा मात्र गर्ने गरियो। न्यायिक महाभियोग लगाउने मुख्य आधार गम्भीर प्रकृतिको नैतिक र फौजदारी दुराचारहरू जस्तै पूर्वाग्रह राख्नु, जालसाजी गर्नु र स्वार्थको द्वन्द्व हुनुमा मात्र सीमित रहन थाले।अमेरिकाको संविधानमा महाभियोग लगाउने दुई तहको व्यवस्था गरेको छ। तल्लो प्रतिनिधिसभाले सामान्य बहुमतको आधारमा महाभियोग लगाउने अधिकार राख्दछ र माथिल्लो सदन सिनेटले न्यायाधीशलाई महाभियोगबाट हटाउने कार्य ठिक बेठिक के छ ? भनी जाँचबुझ गरेर निर्धारण गर्दछ र त्यस्तो प्रस्ताव दुई तिहाइ बहुमतबाट पारित हुनुपर्छ।धेरै राज्यमा संघीय प्रणालीको जस्तै महाभियोगको प्रक्रिया छ तर कुनै कुनै न्यूयोर्क र नेब्रास्का समेतका राज्यमा महाभियोगको सम्बन्धमा पदाधिकारी वा न्यायाधीशहरू रहेको अदालतबाट परीक्षण गरेपछि कारबाही भई सदनमा मतको प्रक्रियामा प्रवेश गर्दछ। अन्य केही राज्यमा न्यायाधीशलाई दोषी ठहर गर्न र महाभियोग लगाउने आवश्यक संख्याको मत आवश्यक पर्ने हुन्छ।न्यायिक महाभियोग पनि कहिलेकाहीं मात्र लगाउने र पदबाट हटाउने कार्य पनि बहुतै कम हुने गर्छ। अमेरिकामा सन् १८०३ देखि संघीय न्यायाधीशको हकमा प्रतिनिधिसभाले १५ न्यायाधीशलाई महाभियोग लगाएको छ। औसत रूपमा १४ वर्षमा एउटा महाभियोग लाग्ने गरेको छ।अमेरिकाका राज्यहरूमा विधायकहरूले विगत केही वर्षहरूमा असफल हुने तरिकाले महाभियोगको प्रस्ताव ल्याएको धेरै उदाहरण छन्। तीन राज्यका विधायकहरूले बहालवाला न्यायाधीशलाई न्यायिक महाभियोग लगाउने कि नलगाउने भनेर अनुसन्धान गर्नुपर्ने भन्ने प्रावधानको विधेयक ल्याए।न्यू-ह्याम्शायर राज्यमा न्यायाधीश जैकल्यान कोलवर्नले (२०१५) मत पत्रका सामग्री छपाउन पैसा खर्च गर्ने सम्बन्धमा न्यायाधीशले दिएको निर्देशनले आफ्नो अधिकार क्षेत्र नाघेको भनेर महाभियोगको प्रस्ताव ल्याइयो। पेन्सिलभेनियामा (२०१६) न्यायाधीश किले बलेन्टाइनलाई उनले गाडीको पार्किङ टिकट र त्यसको कर फिर्ता लिने कार्यमा असफल रहेको बारेमा अनुसन्धान गरेर हटाउने महाभियोगको प्रस्ताव ल्यायो।वेष्ट भर्जिनियामा (२०१८) सर्वोच्च अदालतका न्यायाधीश एलेन लोन्ग्रेलाई अफिसबाट सुविधाहरू बढी लिएर खर्च गरेको र राज्यको सम्पत्तिलाई गलत तरिकाले प्रयोग गरेको सम्बन्धमा अनुसन्धान गरियो।केही जिल्ला न्यायाधीशहरूलाई सन् २०१० र २०१९ मा यौन क्रिया, अफिसको काम कारबाहीहरूमा बाधाअड्चन गरेको, झूटो अभिव्यक्ति बनाएको र घुस लिएको भन्ने अभियोगमा हाउसले महाभियोग लगायो।न्यायाधीश केन्टले सिनेटले जाँचबुझ अघि राजिनामा दिए र न्यायाधीश पोर्टिमसलाई सिनेटले दोषी ठहऱ्यायो। अमेरिकाको न्यायिक इतिहासमा १५ वटा संघीय न्यायिक महाभियोग लगाइँदा समान प्रकृतिका झूटा अभिव्यक्ति बनाएको, मुद्दाको कारबाहीमा पक्षपात गरेको, नशालु पदार्थ खाएर इजलासमा बस्ने गरेको र अवहेलनाको अधिकारको दुरुपयोग गरेको जस्ता आरोपहरू लगाएको देखिन्छ।अमेरिकाका राज्यले पनि महाभियोग लगाउने कसूरका आधारलाई बदलिइरहन्छन्। पछिल्लो समयमा सामान्य कारणहरूलाई संकुचन गरेर गम्भीर किसिमका 'नैतिकता विरुद्ध र फौजदारी उल्लंघनका घटनाहरूमा' मात्र लगाइएका महाभियोग सफल भएका छन्।अमेरिकाको राज्यहरूमा न्यायिक महाभियोग कमै मात्रामा लाग्ने गर्दछ। अमेरिकन जुडिकेचर सोसाइटी, नेशनल सेन्टर फर स्टेट कोर्टस् र न्यूज अनि आलेखमा प्रकाशित विवरण अनुसार २५ वर्षमा जम्मा दुई न्यायाधीशलाई मात्र महाभियोग लगाएर हटाइयो।उदाहरणको लागि सन् १९९४ मा पेन्सलभेनिया राज्यका न्यायाधीश रोल्फ लार्सेनलाई चिकित्सकलाई लागूऔषधको झूटा पुर्जा बनाउन भनेको र कानुन व्यवसायी र तल्लो अदालतका न्यायाधीशसँग विचाराधीन मुद्दाको बारेमा अनुचित तरिकाले संवाद गरेको र शपथ विपरीत झूटो व्यवहार गरेको भनेर लगाएको महाभियोगलाई सिनेटले ठहर गऱ्यो। उता न्यू ह्याम्पशायर राज्यको सर्वोच्च अदालतको न्यायाधीश डेभिड ब्रोकलाई अनुचित किसिमले संचार व्यवहार गरेको र शपथविरुद्ध झूटो बोलेको भन्ने कसूरमा लगाइएको महाभियोग भने सिनेटबाट स्वीकृत भएन।विगतका प्रारम्भिक कालमा सामान्य आधार र न्यायाधीशले गरेको फैसलामा चित्त नबुझे पनि न्यायिक महाभियोग लगाउने प्रचलन रहेको थियो। यसमा विधायक, न्यायपालिका र न्यायिक एवं कानुनी बुद्धिजीवीहरू बीच गम्भीर द्वन्द्व एवं मतभेदहरू भए ! फलस्वरूप न्यायाधीशहरूलाई राजनीतिक सिद्धान्तको आधारमा मुद्दा फैसला गरेको भन्ने आरोपमा महाभियोग लगाउन नपाइने भन्ने सिद्धान्त बस्न गयो।अनि इतिहासको प्रयोगले न्यायिक निर्णयहरू न्यायाधीश विरुद्ध महाभियोग लगाउने आधार बन्न सक्दैनन्, यसमा एकदम कडाइ गर्नुपर्दछ भनियो। न्यायमूर्ति विलियम रेहनक्वीष्टले आफ्नो पुस्तकमा महाभियोग लगाएका घटनाहरूलाई समीक्षा गर्दै इतिहासको सुरुमा लगाएका महाभियोगका घटनाहरूले न्यायिक कार्य र बेञ्चबाट भएका निर्णयमा दोषी ठहर गरेर महाभियोग लगाएर पदबाट हटाउने आधार हुन सक्तैन भन्ने तथ्यलाई स्थापित गरेको छ।उनले सन् १८०४ मा न्यायाधीश सम्यूल चासेलाई सर्वोच्च अदालतको न्यायाधीश पदबाट महाभियोग लगाएर हटाउन प्रयास गरिएको कार्यले न्यायपालिकाको स्वतन्त्रतालाई एक प्रकारले संरक्षण गर्नमा महत्वपूर्ण रूपले सघाउ पुग्न गएको छ भन्ने निचोड निकाले। उक्त घटनामा न्यायाधीश चासे राष्ट्रपति जेफरसनबाट बाल्टिमोर ग्रेन्ड जुरीको गठन गर्ने नीतिका आलोचक थिए।उनले न्यायिक पुनरावलोकनको अधिकारलाई बढी नै दुरुपयोग गरे भन्ने आरोप पनि थियो। यसै आधारमा राष्ट्रपति जेफरसनले न्यायाधीश चासेलाई उनको राजनीतिक सिद्धान्त, उनले गरेको उक्त आलोचना र उनको भनाइले कसैप्रति प्रभाव पार्ने, न्यायपालिकालाई विखण्डन गर्ने र मुद्दाको सुनुवाइमा दुराचार गरेको आरोपमा लगाएको न्यायिक महाभियोग जेफरसनको दलको उच्च बहुमत रहे पनि सिनेटले पारित गरेन। यो महाभियोग असफल भएको परिणामले न्यायिक र बेञ्चको कार्य न्यायाधीशलाई महाभियोग लगाउने आधार बन्न सक्दैन भनी महाभियोगको दायरालाई निर्धारण गर्ने प्रयास गर्यो। यो मापदण्डले राज्यका तीन अंग बीच सावधानीपूर्वक सन्तुलनमा रहन मद्दत गर्नुको साथै न्यायाधीशले पनि राजनीतिक दबावबाट अपहेलित भएर मुद्दाको निर्णय गर्नु नपर्ने र यसबाट न्यायाधीशको सुरक्षा र स्वतन्त्रतालाई कायम राख्नुमा महत्वपूर्ण सहयोग हुन गयो।यसबाट न्यायाधीशलाई कानुनले जे आवश्यक देखिन्छ त्यस अनुसार समझदारी बनाएर र विवेक प्रयोग गरेर न्याय प्रदान गर्नमा आत्मबल बढायो भने शक्तिशाली राजनीतिक व्यक्तिहरू आफ्नो फैसलाबाट असन्तुष्ट भए पनि पदबाट हटाउँछन् कि भनेर चिन्ता गरिरहन परेन।न्यायाधीश चासेको 'महाभियोग मुद्दामा' ऐतिहासिक समझदारी भए पनि न्यायाधीशको विगतको राजनीतिक आस्थाको आधारमा महाभियोग लगाउने प्रयासहरू भई नै रहे। सन् १९९६ को राष्ट्रपतिको चुनावका उम्मेदवार राष्ट्रपति क्लिन्टन र सिनेटर डोलले चुनावी प्रचारको अभियानको क्रममा लागूऔषध ओसारपसार गर्ने विरुद्धको प्रमाणलाई अस्वीकार गरेको भनेर जिल्ला न्यायाधीशलाई हटाउनमा सहमति व्यक्त गरेका थिए।यसै घटनालाई लिएर अपील कोर्टका चार न्यायाधीशले एक संयुक्त वक्तव्य जारी गर्दै 'फैसलामा राजनीतिक वा निर्वाचित व्यक्ति असन्तुष्ट भए पनि यसै आधारमा न्यायाधीशलाई पदबाट हटाउने र महाभियोग लगाउने बारे संविधानको व्यवस्था छैन। यस्तो आक्रमणले न्यायपालिकाको स्वतन्त्रताको सिद्धान्तलाई असहयोग गर्दछ र संवैधानिक प्रजातन्त्रमा न्यायाधीशको भूमिका बारे सर्वसाधारणलाई दिग्भ्रमित समेत बनाउँछ' भनेका थिए।सन् २०११ मा 'गेभल टु गेभल' नामक 'वेबसाइट' मा राष्ट्रिय केन्द्रबाट राज्यका अदालतहरूमा गरिएको एक सर्वेक्षणमा न्यायाधीशको फैसलाबाट असन्तुष्ट राज्य तहका राजनीतिक र विधायकहरूले धेरै महाभियोग प्रस्ताव पेश गरेको भनी उल्लेख गरिएको छ। यीमध्ये आयोवा राज्यमा समान लिङ्ग बीच विवाह गर्ने अधिकार पाउनुपर्छ भनी दिइएको एउटा उच्च घरानाको मुद्दामा भएको फैसलामा असहमति जनाएर राज्यका सर्वोच्च अदालतका चार न्यायाधीश विरुद्ध ल्याएको महाभियोगको प्रस्ताव पनि असफल भएको थियो।यो महाभियोगको प्रस्तावमा गरिएको प्रयास बारे मिडियाको ध्यान गएपछि बृहत् मात्रामा आलोचनाहरू भयो। महाभियोग लगाउने राजनीतिक दल भित्रबाट नै उक्त समाचार संप्रेषण गर्नमा सहयोग गर्दै 'फैसलाप्रति असहमति हुनु महाभियोगको आधार हुन सक्तैन' भन्ने आधारमा समर्थन जनाएका थिए। आयोवा राज्यका निर्वाचित गभर्नर टेरी ब्रान्ड स्टेडले पनि यस्तोमा महाभियोग लगाउन हुन्न भनी असहमति जनाउँदै 'कस्तोमा महाभियोग लाग्छ भनी संविधानमा स्पष्ट छ' भनेका थिए।सन् २०१८ मा नै पेन्सिलभेनिया राज्यको चुनावमा कुनै एउटा पार्टी वा नेतालाई फाइदा हुने गरेर कुनै निर्वाचन क्षेत्रको भौगोलिक आकार र सीमालाई फेरबदल गर्ने सम्बन्धमा संविधानले नै निषेध गरेको हुँदा त्यस्तो कार्यलाई बदर गर्ने राज्यको सर्वोच्च अदालतको चार न्यायाधीश विरुद्ध १२ विधायकले हाउसमा महाभियोगको प्रस्ताव ल्याएका थिए।यसरी कुनै दल, सिद्धान्त र नेतालाई समर्थन गरेको भन्ने आधारमा अदालतले दिएको निर्णय विरुद्धमा न्यायाधीशलाई महाभियोग लगाएर धम्क्याउने गरिएको घटना भने पहिलो थिएन। यसै सन्दर्भमा राष्ट्रपति जर्ज बुशबाट नियुक्त गरिएका अपील कोर्टका न्यायाधीश टिमोथी के. लेविसले वितेका त्यस्ता गतिविधिबारे उल्लेख गर्दै 'मन नपरेका फैसला जारी गर्ने न्यायाधीशलाई धम्क्याउनु उचित र संवैधानिक दायराभित्रको आचरण र कार्य होइन' भनेका थिए।अमेरिकाको संविधानले संघीय न्यायालयले कस्तो कसूर, गल्ती र अपराध गरेमा त्यो महाभियोगको आधार बन्न सक्छ भनी सामान्य रूपमा निर्देश गरेको छ। जस अनुसार अन्य उच्च सरकारी अधिकारीलाई झैं न्यायाधीशलाई पनि 'राज्य द्रोह', 'घुस लिए खाएको' अथवा अन्य 'उच्च नैतिकताविरुद्धको अपराध र दुष्कर्मको कसूर' महाभियोगको उचित आधार बन्न सक्दछ। उक्त 'कसूरहरू प्रमाणित नभए सम्म' र 'न्यायाधीशहरू राम्रो आचरण भएसम्म आफ्नो पदमा रहिरहन्छन्' भन्ने संवैधानिक व्यवस्था रहेको छ।भारतमा सर्वोच्च अदालत र उच्च अदालतका न्यायाधीशहरूलाई महाभियोग लगाइएको छ, तर ती प्रक्रियामा गएर पारित हुनसकेका छैनन्। अमेरिकामा पनि संघीय सर्वोच्च अदालतको न्यायाधीश उपर महाभियोग पारित हुनसकेको छैन, राज्य तहको सर्वोच्च अदालतको एउटा न्यायाधीश विरुद्ध महाभियोगको प्रस्ताव पारित भएको पाइन्छ। भारत र अमेरिका दुवै ठूला प्रजातान्त्रिक मुलुक हुन्, दुवै देशमा महाभियोगलाई राजनीतिक प्रक्रिया मान्ने गरिन्छ।मुख्यतः दुवै मुलुकमा 'खराब आचरण र राजनीतिक आस्था' भएकै आधारमा महाभियोग लगाउने आधार हुन सक्दैन भन्ने मान्यता स्थापित भइसकेको छ। भारतमा सामान्यतः 'न्यायिक आचरणको उल्लंघन' र 'खराब आचरण प्रमाणित' भएकै आधारमा न्यायिक महाभियोगको प्रस्ताव सफल भएको छैन। अमेरिकी र भारतीय अनुभवले महाभियोगको कार्य प्रायशः असम्भव नै रहेको छ। भारत र अमेरिका दुवै देशमा महाभियोगको पक्षमा लगाइएका आरोपहरूको प्रारम्भिक जाँचबुझ र निष्कर्ष विना कुनै पनि प्रक्रिया अगाडि बढ्दैन। भारतका सर्वोच्च अदालतका न्यायाधीश वी. रामास्वामी विरुद्धको महाभियोग प्रक्रियागत रूपमा उदाहरणीय छ। उनीलाई पंजाव र हरियाणामा मुख्य न्यायाधीश हुँदा निवासको सामानमा विलासिता देखियो र आर्थिक अपचलन पनि गऱ्यो भन्ने अभियोगमा सन् १९९० मा महाभियोगको प्रस्ताव लोक सभामा ल्याइयो।त्यस बारेमा उच्च अदालतको लेखा परीक्षण सेल, जिल्ला र सेसन न्यायाधीशको प्रतिवेदन पेश भयो। यो बाहेक एकाउन्टेन्ट जनरल अफिसबाट पनि बेग्लै प्रतिवेदन पेश भयो। यी प्रतिवेदनहरू तत्कालीन महान्यायाधिवक्ता शोली-सरावजी, सर्वोच्च अदालत बार एशोसिएसनका अध्यक्ष र बारका अन्य पदाधिकारीलाई दिएर प्रधानन्यायाधीशलाई पनि जानकारी गराइयो।त्यति बेलाका प्रधानन्यायाधीश एस. मुखर्जीले प्रतिवेदनको जानकारी पाएपछि- 'यो एउटा अप्रत्यासित, कहिल्यै नघटेको र आश्चर्य पार्ने खालको अवस्था हो। यसले न्यायिक कार्यमा सावधानी अपनाउन र विधिसम्मत ढंगले परम्परा बसाल्नको लागि अवसर पनि प्रदान गरेको छ। यस अवस्थामा सर्वोच्च अदालतले कानुनको शासनलाई पालन गर्नुपर्छ, कानुनको शासनमा नै रहनु र प्रतिबद्ध हुनुपर्दछ। यस कारणले न्यायाधीशको आचरण पनि जनताको विश्वासलाई आघात पार्ने खालको हुनुहुँदैन। न्यायाधीश पनि कानुनमा नै बस्छन् र कानुन अनुसार नै हिंड्छन् भनी विश्वास दिलाउन जरूरी छ' भनेका थिए।यस सिलसिलामा प्रधानन्यायाधीश मुखर्जीले न्यायाधीश रामास्वामीलाई यस परिस्थितिमा अनुसन्धानको प्रतिवेदन नआएसम्म आफूलाई कामबाट अलग राख्न आग्रह गरे र उनले कानुन मन्त्री, महान्यायाधिवक्ता र बारको अध्यक्षलाई यस बारेमा आफूले हेर्ने र त्यसको निष्कर्षको जानकारी पनि गराउने भनी स्पष्ट पारे। आरोपित न्यायाधीश रामास्वामी विदामा बसे। १९ अगस्त, १९९० मा प्रधानन्यायाधीशले न्यायाधीश रामास्वामी इजलासमा बस्न हुने नहुने बारे प्रतिवेदन दिन न्यायाधीश रे., सेट्टी र वेंकटाचालिई सहितको तीन सदस्यीय समिति गठन गरे।तर २५ सेप्टेम्बर, १९९० मा प्रधानन्यायाधीश मुखर्जीको मृत्यु भयो। ६ अक्टुवर, १९९० मा रंगनाथ मिश्र प्रधानन्यायाधीश भए। तीन सदस्यीय कमिटीले ६ नोभेम्बर, १९९० मा न्यायाधीश रामास्वामी इजलासमा बस्न नमिल्ने कुनै कारण देखिएन भनी प्रतिवेदन दिए। यता लोकसभा अध्यक्षले महाभियोगको प्रस्तावको सन्दर्भमा सर्वोच्च अदालतका न्यायाधीश पी.बी.सावन्त, बम्बई उच्च अदालतका न्यायाधीश पी.डी. देसाई र सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश ओ. चिनप्पा रेड्डी भएको तीन सदस्यीय समिति गठन गरे।संसदको विघटन वा अवधि समाप्त भएर प्रधानन्यायाधीशको उमेर पनि बाँकी रहे निज उपरको निलम्वन स्वतः शून्यमा परिणत हुन्छ। प्रधानन्यायाधीश आफ्नो पदमा विधिवत् रूपले कार्यरत हुने अवस्था स्थापित हुन्छ। तर वरिष्ठ न्यायाधीशहरू र बारले विगतमा प्रधानन्यायाधीशविरुद्ध अवज्ञा र आन्दोलन गरेको हुँदा सर्वोच्चमा उनको पुनरागमन सहज हुने नहुने अवस्थाको आकलन गर्न कठीन छयसले न्यायाधीशबाट 'कु-आचरण र दुर्व्यवहार' भयो भनी प्रतिकूलको प्रतिवेदन दियो। प्रस्ताव मतदानमा गयो। कांग्रेस पार्टी मतदानमा अनुपस्थित रह्यो। महाभियोगको प्रस्तावको पक्षमा १८६ र विपक्षमा कोही पनि भएनन्, २०५ जना अनुपस्थित रहे। प्रधानन्यायाधीश मुखर्जी, न्यायाधीश रामास्वामीको महाभियोगको विवादमा अदालतमा दिएको प्रतिक्रियाले एउटा नजिर र स्वस्थ परम्परालाई स्थापित गऱ्यो। जाँचबुझ कमिटीले १४ आरोपमा ११ वटामा दोषी देखायो। महाभियोग आवश्यक मतको अभावमा असफल भयो। न्यायाधीश हाउसमा राजनीतिक रूपमा विभाजित भएको भन्ने आधारमा न्यायाधीश रामास्वामीले राजिनामा दिए। भारतमा उच्च अदालतका अन्य न्यायाधीशहरूलाई पनि महाभियोग लगाइयो तर पदबाट हटाउने गरी सफल हुन सकेन। सिक्किमका मुख्य न्यायाधीश पी.डी. दिनाकरणले सन् २०११ मा भ्रष्टाचारको आरोपमा महाभियोग कारबाही अगाडि बढ्नु अगावै राज्यसभाबाट जाँचबुझ गर्न एउटा न्यायिक समिति गठन भएपछि राजिनामा दिए।गुजरात उच्च अदालतका न्यायाधीश जे.वी. पार्डिवालाले 'आरक्षण र भ्रष्टाचार देशलाई नष्ट गर्ने र सही दिशातर्फ प्रगति गर्न नदिने विषय हो' भनी एक आरक्षणको फैसलामा अनुसूची जाति र जनजातिको विषयमा आपत्तिजनक टिप्पणी गरेको विषयमा लगाइएको महाभियोगमा पछि न्यायाधीशले फैसलाबाट उक्त वाक्यांश हटाए-महाभियोग पारित भएन।कलकत्ता उच्च अदालतका न्यायाधीश सोमित्र सेन विरुद्ध 'नगद घूस लिएको' आरोपमा राज्य सभाबाट जाँचबुझको कमिटी बन्यो, न्यायाधीशले राजिनामा दिए। राजिनामा पछि पनि उनी विरुद्धको महाभियोगको प्रस्ताव पारित भयो।मध्यप्रदेश उच्च अदालतका न्यायाधीश एस.के. गांगेलेको विरुद्धमा लागेको 'यौन आचरणको' आरोप राज्य सभाबाट गठित कमिटीको जाँचबुझबाट स्थापित नहुँदा प्रक्रिया अगाडि नबढी त्यहीं अन्त्य भयो। आन्ध्रप्रदेश र तेलङ्ग उच्च अदालतका न्यायाधीश जी.सी.यू. नागार्जुन रेड्डी विरुद्ध सन् २०१६ र २०१७ मा 'न्यायिक कारबाहीमा जातीय आधारमा पूर्वाग्रही भएको' भन्ने आरोप पुष्टि नहुँदा महाभियोगको प्रस्ताव अगाडि बढेन।भारतमा बहालवाला प्रधानन्यायाधीश दीपक मिश्र उपर सन् २०१७ मा ल्याइएको महाभियोगको प्रस्तावको पृष्ठभूमिमा सर्वोच्च अदालतका चार वरिष्ठ न्यायाधीशहरूले प्रेस सम्मेलन गरेका थिए। प्रेस सम्मेलनमा प्रधानन्यायाधीशलाई उनी रोष्टरका वरिष्ठ भएको नाताले मुद्दा तोक्दाका आधारहरू के हुन् ? ठूला मुद्दाहरू के आधारमा कनिष्ठ न्यायाधीशको इजलासमा तोकिन्छन् ? विशेषतः मेडिकल कलेजका विवादका मुद्दाहरूप्रति वरिष्ठ न्यायाधीशहरूको आपत्ति केन्द्रित थियो।विवादको सुरु सेप्टेम्बर २०१७ मा सी.बी.आईमा दर्ता भएको एउटा एफ.आई.आर.मा ओडिसा उच्च अदालतका पूर्वन्यायाधीश आई.एम. क्यूडीसीलाई 'मेडिकल कलेजलाई धनी बनाउने बेइमान व्यक्ति' भनेर उल्लेख गरियो। उनी तुरुन्तै गिरफ्तार भए र धरौटीमा छाडियो।उनलाई अदालतबाट मेडिकल कलेजको पक्षमा आदेश गराउने आरोप लगाइयो। त्यसबारेमा विशेष अनुसन्धानको लागि सार्वजनिक सरोकारको निवेदन दर्ता भयो। दोस्रो वरिष्ठ क्रमका न्यायाधीश जे. चेलामेश्वरले त्यो निवेदनलाई पाँच न्यायाधीशको संवैधानिक इजलासमा पठाए, तर प्रधानन्यायाधीशले अन्य पाँच न्यायाधीशको इजलासमा तोकिदिए र त्यस्ता प्रकृतिका दुई रिट खारेज भए र निवेदकलाई सजाय भयो।यो रिट टुङ्गिए पनि महाराष्ट्र उच्च अदालतका पूर्वन्यायाधीश लोइयाको अप्रत्यासित मृत्युमा अनुसन्धानको माग गरी दिएको रिटको कारबाहीको सन्दर्भमा भने विवाद उत्पन्न भयो। यसले सर्वोच्च अदालतका वरिष्ठ न्यायाधीशहरूलाई प्रेस सम्मेलन गर्नेतर्फ अग्रसर गरायो।सोहराबुद्दिन शेखको इन्काउन्टरमा मृत्यु भएको विषयमा मुख्य आरोपी भारतीय जनता पार्टीका तत्कालीन अध्यक्ष अमित शाहलाई बनाइएको र सोको जाँचबुझ गर्न न्यायाधीश लोइयालाई तोकिएको थियो। अमित शाहलाई पछि अदालतले सफाइ दियो। उक्त सार्वजनिक सरोकारका रिट पनि प्रधानन्यायाधीश मिश्रको इजलासबाट खारेज भयो।मिश्रले आफू न्यायाधीशको रोष्टरको मास्टर भएको स्थानलाई प्रयोग गरेर महत्वपूर्ण मुद्दाहरूलाई वरिष्ठहरूको इजलासबाट अलग नै राखे। उक्त प्रेस सम्मेलनको लक्ष्य के थियो र त्यसबाट के लक्ष्य प्राप्त भयो भनी पर्यवेक्षकहरू अझ पनि स्पष्ट हुनसकेका छैनन्।कांग्रेसले इतिहासमा पहिलो पटक बहालवाला प्रधानन्यायाधीश दीपक मिश्र माथि मार्च २०१८ मा राज्य सभामा महाभियोगको सूचना दर्ता गरायो। महाभियोगका तीन आधारमध्ये दुई आधार मेडिकल कलेजलाई फाइदा गराउने बारेको रिट आफैंले हेरेको र चार वरिष्ठ न्यायाधीशले प्रेस सम्मेलनमा उठाएका बुँदाहरू नै रहेका थिए।महाभियोगको प्रस्तावको सूचनालाई प्रारम्भमा नै राज्य सभाका अध्यक्ष वेन्काइह नायडुले खारेज गरिदिए। उक्त आदेश उपर सर्वोच्च अदालतमा दिएको निवेदनमा पाँच जनाको इजलासबाट हेर्न गरेको मागलाई इन्कार गरेपछि रिटलाई फिर्ता लिइयो। भारतमा महाभियोगको प्रस्ताव लोक सभाका १०० र राज्य सभाका ५० जना सदस्यले सूचना दिएको हुनुपर्ने र दुई तिहाइको बहुमतले पारित हुनुपर्ने हुन्छ।

नेपालमा महाभियोगको प्रस्ताव दुई तरिकाबाट दर्ता भएर अगाडि बढ्छन। पहिलो संविधानको धारा १०१ (२) र प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ (७) बमोजिम प्रतिनिधिसभाका तीन जना सदस्यले प्रमाणित गरी पेश गरेको प्रस्ताव-सूचनालाई नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिले छानबिन गरी कारबाहीको लागि सिफारिस गरेमा त्यो प्रस्ताव प्रतिनिधिसभाको एक चौथाइ सदस्यबाट पारित भएपछि उक्त प्रस्ताव महाभियोगको रूपमा हुनेछ।अर्को तरिका धारा १०१ (२) बमोजिम प्रतिनिधिसभाको एक चौथाइ सदस्यले दर्ता गराएको प्रस्तावलाई प्रतिनिधिसभा नियमावली २०७५ को नियम १६१ (२) बमोजिम ७ दिनपछिको कुनै बैठकमा छलफल गर्ने गरी सभामुखले तोक्नुपर्ने हुन्छ। प्रतिनिधिसभाको बैठकले उक्त प्रस्ताव अघि बढाउन उपयुक्त छ भनी एक चौथाइ सदस्यले पारित गरेपछि त्यो प्रस्ताव उपर जाँचबुझ गर्न धारा १०१ (३) बमोजिम गठित महाभियोग सिफारिस समितिमा जान्छ।महाभियोगको प्रक्रिया कहिले आरम्भ हुन्छ ? र आरोपी कहिले निलम्वित हुन्छन् ? भन्ने सन्दर्भमा हेर्दा प्रतिनिधिसभा नियमावली, २०७५ को नियम १६१ (१) बमोजिम प्रतिनिधिसभाको एक चौथाइ सांसदबाट पेश भएको प्रस्तावको हकमा नियमावलीको नियम १६१ (९) बमोजिम तत्कालै र तीन जना सांसदले प्रमाणित गरी पेश गरेको प्रस्ताव नियमावलीको नियम १६१ (७) बमोजिम नियम १६२ बमोजिम गठित महाभियोग सिफारिस समितिले छानबिन गरी महाभियोगको कारबाहीको लागि सभासमक्ष सिफारिस गरेमा र एक चौथाइ सदस्यले पेश गरेको प्रस्तावलाई प्रतिनिधिसभाबाट एक चौथाइ सदस्यहरूले नै पारित गरेमा महाभियोगको कारबाहीको प्रक्रिया अगाडि बढ्छ र आरोपी पदाधिकारी नियमावलीको नियम १६१ (९) बमोजिम निलम्वित हुन्छन्।एक चौथाइ सांसदबाट पेश भएको प्रस्तावको हकमा प्रारम्भिक रूपमा छानबिन गर्ने व्यवस्था रहेको देखिंदैन, सभामा पेश भएको महाभियोग प्रस्ताव प्रारम्भिक छानबिनको निष्कर्ष विना नै अगाडि बढ्ने प्रक्रियालाई न्यायोचित भनिहाल्न हिचकिचाउनुपर्ने हुन्छ। प्रस्ताव दर्ता हुनासाथ आरोपीलाई निलम्वन गर्ने व्यवस्था प्रजातान्त्रिक र विधिको शासनको अवधारणा अनुकूल छ भनी भन्न कठिन हुन्छ।

# वर्षा हुँदा किसान खुसी

टुडे एक्सप्रेस/बलेवा



बुधबार बिहानदेखि सुरु भएको वर्षाले किसानलाई राहत मिलेको छ। खडेरीका कारण रोपाइँ गर्न नपाएका किसानले वर्षापछि धमाधम रोपाइँ थालेका छन्। ा

जल्लाभर ३० प्रतिशत खेतमा अझै रोपाइँ गर्न बाँकी रहेको छ। बेँसी खेतमा कुलो र नहरको पानी पर्याप्त हुने भएकाले रोपाइँ भएको भए पनि पाखामा रोपाइँ हुनसकेको थिएन्। सुख्खा ठाउँमा भल छोपेर रोपाइ गर्ने किसान लामो समयको खडेरीका कारण मर्कामा थिए।

"वर्षा सुरु भयो, अब केही दिन पानी पर्छ भनेको रेडियोमा सुनेको छु", जैमिनी नगरपालिका-९ का किसान टङ्कप्रसाद शर्माले भन्नुभयो, "अब त खडेरीले नसताउला भन्ने लागेको छ।" यसअघि रोपाइँ सकेका किसान खेतमा धाँजा फाट्न थालेपछि चिन्तामा थिए। वर्षासँगै खहरेमा पानीको मात्रा बढेको र मूल बढेपछि रोपेको जमिनमा पानी लगाउन सहज भएको बागलुङ नगरपालिका-१२ का खगेश्वर घिमिरेले बताउनुभयो।

असारको अन्तिम सातायता साउनको ३ गतेसम्म भल चल्ने गरी बागलुङमा पानी परेको थिएन्। असारको अन्तिम साताको एक दिनको वर्षाले एक दिन मात्रै रोपाइ गरेका किसान खहरे सुक्न थालेपछि उत्पादन घट्ने चिन्तामा थिए। असार अन्तिम साताका लागि रोप्ने तयारीका साथ ब्याड राखेको बीउ बुढिएर रोप्नै नमिल्ने भइसकेको छ। मनसुन सुरु भएको समाचार आएपछि काचोँबाली मकैसमेत थन्क्याएका किसानले समयमा रोपाइँ गर्न नपाएको गुनासो गर्ने गरेका थिए। वर्षासँगै भल छोपेरै भए पनि किसान रोपाइँ गर्न थालेका छन्। जिल्लाभर चार हजार २०० हेक्टर जमिनमा रोपाइँ भएको छभने एक हजार ८०० हेक्टर खेतमा रोपाइँ हुन बाँकी छ। डाँडाकाँडा र लेक रहेको क्षेत्रमा पानी परेपछि किसानलाई भ्याइनभ्याइ छ।रासस

# नारायणस्थान डाँडामा बुद्ध मूर्ति

टुडे एक्सप्रेस/बनेपा



काभ्रेपलाञ्चोकको सबैभन्दा अग्लो ठाउँ बेथानचोक गाउँपालिका-३ स्थित पर्यटकीयस्थल नारायणस्थानको चिप्लेटी डाँडामा बुद्धको मूर्ति स्थापना गरिएको छ। गाउँपालिकाको आर्थिक सहयोग र धुलिखेलस्थित नेपाली सेनाको कालीजङ्ग गणको समन्वयमा सो मूर्ति स्थापनासँगै बुद्धपार्क परिसरमा वृक्षरोपणसमेत गरिएको छ ।

पर्यटकीय क्षेत्र बेथानचोकको नारायणस्थान डाँडामा स्थापना भएको बुद्धको मूर्तिले त्यहाँको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ।

उक्त गण स्थापनाको २१८औँ वार्षिकोत्सवको अवसरमा स्थापना गरिएको उक्त मूर्ति उद्घाटन गर्दै २६ नं बाहिनीका प्रमुख सहायक रथी ज्योतिन्द्र महतले भौतिक विकासबाटै राष्ट्रको समग्र विकासमा टेवा पुग्ने भएको र मूर्ति स्थापनाले पनि यहाँको आयस्रोत बढ्ने बताउनुभयो। धार्मिक पर्यटकीय क्षेत्रको प्रचुर सम्भावना रहेको नारायणस्थानडाँडा महाभारत क्षेत्रकै सबैभन्दा अग्लोस्थान भएकाले पनि पालिका र नेपाली सेनाबीचको सहकार्य र समन्वयबाट निर्माण भएको बुद्ध प्रतिमाले अझ थप टेवा पुग्ने उहाँको भनाइ थियो।

गाउँपालिकाका अध्यक्ष भगवान् अधिकारीले बुद्ध मूर्ति स्थापनाले धार्मिक तथा पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने बताउनुभयो।

पालिकाका पूर्व अध्यक्ष प्रेमबहादुर तिमल्सिनाले नारायणस्थानडाँडामा यसअघि पनि पालिकाको सहयोगमा भौतिक संरचना निर्माण भएको र अहिले निर्माण भएको बुद्ध मूर्तिले बेथानचोक नारायणस्थानको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको उल्लेख गर्नुभयो।समुद्री सहतबाट तीन हजार १८ मिटरको उचाइमा रहेको नारायणस्थान डाँडाबाट थरिथरिका चराचुरुङ्गीको

आवाजसँगै उपत्यका, काभ्रेपलाञ्चोक तथा आसपासका जिल्ला र तराईका फाँट र हिमाल अवलोकन गर्न सकिने भएकाले आन्तरिक तथा बाह्य पर्यटकको आवागमन हुने गरेको छ।रासस

# नगर प्रहरीले दुई पाङ्ग्रे सवारीसाधनबाट गस्ती गर्ने

टुडे एक्सप्रेस/ललितपुर



ललितपुर महानगरपालिकामा नगर प्रहरीले अब दुई पाङ्ग्रे विद्युतीय सवारीसाधनबाट २४ औँ घण्टा गस्ती गर्ने भएको छ। नगर प्रहरीले प्रदान गर्ने सेवा सुविधालाई छिट्टोछरितोका साथै चुस्त तथा दुरुस्त बनाउन उक्त काम अघि सारेको हो।

उक्त कार्यक्रमको घण्टी बजाएर विहिवार उद्घाटन गर्दै नगर प्रमुख चिरीबाबु महर्जनले सो साधनमार्फत नगरवासीको सहयोग गर्न तथा घटनास्थलमा तुरुन्तै पुग्नाका साथै महानगरको सुव्यवस्था कायम गर्न नगर प्रहरीको हितमा आफूहरूले पाँच विद्युतीय स्कुटर प्रयोगमा ल्याएको भनाइ राख्नुभयो। उहाँले भन्नुभयो, "यस साधनले गाडी नजाने साँघुरो बाटोमा पनि तत्काल पुगी काम गर्न तथा पार्किङको रेखदेख र व्यवस्थापन गर्न एवं ट्राफिक जामका साथै सवारी दुर्घटना हुनसक्ने गरी अनाधिकृत रुपमा गरिएका पार्किङलाई कारबाही गर्नसमेत सहयोग पुग्नेछ।" दुईपाङ्ग्रे सवारी साधनले नगर सरसफाइ गर्नाका साथै अनाधिकृत रुपमा राखिएका विज्ञापन तथा होर्डिङ बोर्ड नियन्त्रणमा ध्यान दिने उहाँले बताउनुभयो।

नगर प्रहरी प्रमुख सीताराम हाछेंथुले सो साधनमा गस्ती गर्दा सार्वजनिक आवागमनमा बाधा पुऱ्याउने फुटपाथ पसल हटाउन तथा मापदण्डविपरीत अनाधिकृतरुपमा निर्माण गरिएका संरचना बनाउन नदिइने बताउनुभयो। 'राफ्ट बारिएर' मोडलको एवं चार्ज गर्न दुईदेखि तीन घण्टा लाग्ने तथा त्यसको ब्याट्रीको पावर दुई किलोवाटको रहनाका साथै सो साधनको ड्राइभिङको दायरा ७० देखि १०० किलोमिटर रहने जानकारी गराइएको थियो। त्यसैगरी सो कार्यक्रममा उक्त दुई पाङ्ग्रे साधन नियमित गस्ती गर्न नगरवासीको सहयोगमा घटनास्थलमा पाँच मिनेटमा पुग्न सक्ने पनि सुनाइएको थियो।रासस

# पहिराले डुम्रे-बेँसीसहर सडक अवरुद्ध

टुडे एक्सप्रेस/लमजुङ



निरन्तर अविरल वर्षासँगै आएको बाढी र पहिराले गएरातिदेखि डुम्रे-बेँसीसहर सडकखण्ड अवरुद्ध बनाएको छ।उक्त सडकअन्तर्गत बेँसीसहर नगरपालिका वडा नं १ स्थित उदिपुरको देउराली डाँडामा पहिराले सडक अवरुद्ध बनाएको हो। जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक जगदिश रेग्मीले भन्नुभयो, "यस सडकको वैकल्पिकरुपमा रहेको नेपाली सेनाको ब्यारेक, रिठ्ठेबगर हुँदै उदिपुर बजार जोडिने भागमा माथिबाट पहिरो खसेर सडक अवरुद्ध पारेको छ।" गए रातिदेखि परेको अविरल वर्षा अझै नरोकिँदा पहिरो जाने तथा लेदो खस्ने क्रम जारी रहेको उहाँको भनाइ थियो। पानी परिरहेकाले मर्स्याङ्दी नदीमा पानीको बहाव बढेमा उक्त सडक कटान गर्न सक्ने सम्भावना छ। पटकपटक आएको बाढी र पहिराले यात्रा गर्न समस्या हुँदै आएको छ। प्रहरीका अनुसार सडक अवरुद्ध भएसँगै कुनै पनि सवारी साधन आवतजावत हुन सकेको छैन। गत वर्ष र असार पहिलो साता गएको बाढीले डुम्रे-बेँसीसहरको देउराली डाँडाको सडक नै बगाएपछि उक्त स्थानबाट वैकल्पिक सडक सञ्चालन हुँदै आएको थियो तर उक्त वैकल्पिक सडकसमेत बाढी र पहिराको चपेटामा परेको छ। गन्तव्यमा बिहानै जान लागेका यात्रु सडक अवरुद्धका कारण समस्यामा परेका छन्। पानी नरोकिएसम्म अवरुद्ध सडक खुलाउन असम्भव हुने बताइएको छ। वैकल्पिक सडकसमेत अवरुद्ध हुन थालेपछि काठमाडौँ, पोखरा, चितवनलगायत बेँसीसहर आवत-जावत गर्ने यात्रुलाई सास्ती भएको छ। उक्त सडकबाट मनाङवासी यात्रा गर्दै मनाङ पुग्ने गर्दछन्। डुम्रे-बेँसीसहर ४२ किलोमिटरको छ।रासस

# बागलुङमा एक वर्षमा सवा अर्ब राजस्व सङ्कलन

टुडे एक्सप्रेस/बलेवा




गत आर्थिक वर्षमा बागलुङमा झण्डै रु सवा एक अर्ब राजस्व सङ्कलन भएको छ। यहाँ रहेका सङ्घीय तथा प्रदेश सरकार मातहतका कार्यालयले मात्रै उक्त राजस्व सङ्कलन गरेका हुन्।बागलुङमा रहेको आन्तरिक राजस्व कार्यालयसहितका कार्यालयले विभिन्न शीर्षकमा रु एक अर्ब २१ करोड छ लाख १७ हजार ९७७ राजस्व सङ्कलन गरेका छन्।

असार मासन्तमा मात्रै यहाँका कार्यालयमा रु २२ करोड ५७ लाख ८२ हजार ८४२ राजस्व सङ्कलन भएको थियो। आर्थिक वर्ष २०७८/७९ मा सङ्घीय सरकार मातहतका ४२ कार्यालय तथा एकाइले रु एक अर्ब चार करोड एक लाख २६ हजार ४७४ राजस्व सङ्कलन गरेको तथ्याङ्क छ। ती कार्यालयले असारमा मात्रै रु २१ करोड २० लाख ७४ हजार ५९० राजस्व सङ्कलन गरेका थिए।

प्रदेश सरकार मातहतका १७ कार्यालयले रु १७ करोड चार लाख ९१ हजार ५०३ राजस्व सङ्कलन गरेका छन्। असारमा मात्रै ती कार्यालयले रु एक करोड ३७ लाख आठ हजार २५२ राजस्व सङ्कलन गरेका हुन्। प्रदेश सरकार मातहतमध्ये सबैभन्दा धेरै यातायात व्यवस्था कार्यालयले राजस्व सङ्कलन गरेको तथ्याङ्क कोष तथा लेखा नियन्त्रण कार्यालयसँग छ। यातायात व्यवस्था कार्यालयले रु १४ करोड १६ लाख ६५ हजार ६६६ राजस्व सङ्कलन गरेको थियो। धौलागिरि आयुर्वेद औषधालय सबैभन्दा कम राजस्व उठाउने प्रदेश मातहतको कार्यालय बनेको छ। औषधालयले रु ८०० मात्रै राजस्व सङ्कलन गरेको छ।

सङ्घीय सरकार मातहत रहेको आन्तरिक राजस्व कार्यालयले सबैभन्दा धेरै राजस्व सङ्कलन गरेको छ।रु एक अर्ब चार करोड राजस्व सङ्कलनको लक्ष्य राखेको कार्यालयले रु ८८ करोड सात लाख राजस्व सङ्कलन गरेको सूचना अधिकारी हेमराज पौडेलले बताउनुभयो। कार्यालयले आय कर मात्रै रु ४८ करोड ६१ लाख उठाएको छ।

रु ४५ करोड ४० लाख वार्षिक लक्ष्य रहेको आय कर शीर्षकमा लक्ष्यभन्दा रु तीन करोड २१ लाख बढी राजस्व जम्मा भएको हो। पौडेलका अनुसार आयकर तिर्ने बितेका वर्षभन्दा यस वर्ष धेरै करको दायरामा आएका छन्। मूल्य अभिवृद्धि करबाट रु २७ करोड ५२ लाख, अन्त:शुल्क रु दुई करोड ४४ लाख र ब्याज कर रु आठ करोड एक लाख सङ्कलन भएको पौडेलले बताउनुभयो। निर्धारण गरिएभन्दा आयकर सात प्रतिशतले बढी उठेको भए पनि अन्य करका शीर्षकले भने लक्ष्य भेटाउन सकेनन्। सङ्घीय सरकारअन्तर्गत रहेको तत्कालीन अर्जुनबाण गणले सबैभन्दा कम रु १५० मात्रै राजस्व सङ्कलन गरेको थियो। स्थानीय तहले विभिन्न शीर्षकमा लिने राजस्व भने यसमा समावेश छैन्। स्थानीय तहले करको दर र दायरा कायम गरेर निर्धारण गर्ने तथा बजेट आफैले बनाएर खर्च गर्न पाउने भएकाले कोष तथा लेखा नियन्त्रण कार्यालयले तथ्याङ्क नराख्ने सूचना अधिकारी जब्बरबहादुर भण्डारीले बताउनुभयो।रासस

# पेडारी खोलाको बाढी सडकमा

टुडे एक्सप्रेस/राझा



बाँकेको खजुरास्थित पेडारी खोलाको बाढी सडकमा पसेपछि आवागमनमा कठिनाइ भएको छ। बुधबार बिहानदेखि परेको अविरल वर्षका कारण पेडारी खोलामा पानीको सतह पुल बाहिर सडकबाट बगेका कारण नेपालगञ्ज-गुलरिया सडकमा सवारी आवागमनमा कठिनाइ भएको खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विकले जानकारी दिनुभयो।उहाँका अनुसार सवारी आवागमनमा सहजता ल्याउन सुरक्षाकर्मीको सहयोगमा उद्धार कार्य गरिएको छ।

फिल्डमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक उद्धार सामग्री गाउँपालिकाले उपलब्ध गराएको छ। खजुरा बजार क्षेत्रमै रहेको पेडारी खोलाको निकास साँघुरो भएका कारण ठूलो वर्षा हुनासाथ पानी सडकबाट बग्ने गरेको छ। बाँकेको बैजनाथबाट खजुरा हुँदै बग्ने पेडारी खोलाले वर्षायाममा कटान गर्दै आउने र खजुरा बजार क्षेत्रमा पुगेपछि डुबान गराउने गरेको छ। नेपालगञ्ज-गुलरिया सडकखण्डमा पेडारी खोलामा रहेको साँघुरो पुलको वारीपारी सडकबाट बाढी बग्ने गरेको छ।

खोलाको निकास साँघुरो भएपछि सडकबाटै बाढी बगेका कारण लामो समयसम्म सवारी आवागमन ठप्प हुने गरेको छ। खोलामा अचानक बाढी आउँदा आवतजावत गर्ने सवारीसाधन र सर्वसाधारण यात्रुले दु:ख पाउने गरेका छन्। सामान्य पानी सहजै बग्ने गरे पनि ठूलो बाढी आउँदा पुल साँघुरो भएका कारण खोला भरिएर वारीपारी सडकमाथिबाट खोला बग्ने गरेको छ। डुबान क्षेत्रमा अवलोकन गरी तत्काल गर्न सकिने काम, उद्धारतर्फ सम्पूर्ण गाउँपालिकाको टोली लागिपरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत बमबहादुर केसीले बताउनुभयो। वैकल्पिक व्यवस्था नभएका कारण नेपालगञ्ज-गुलरिया सडकको पेडारी खोलामा बाढीले लामो समयसम्म सवारीसाधन अवरुद्ध हुने गरेका छन्। अहिले खजुरामा सडक विस्तारको काम चलिरहेको छ। चारलेन सडक विस्तार गर्ने क्रममा पुल पनि विस्तार गरिने छ। नयाँ चार लेनको पुल नबन्दासम्म समस्या रहिरहने प्रमुख प्रशासकीय अधिकृत केसीको भनाइ छ।रासस

# शीतभण्डारको पर्खाइमा किसान

टुडे एक्सप्रेस/भजनी



कैलालीको टीकापुर नगरपालिका-१ वनगाउँका रामबहादुर चौधरी व्यावसायिक तरकारी खेती गर्नुहुन्छ। उहाँले मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्दै आए पनि बजारीकरणको समस्याका कारण मौसमी तरकारीबाट राम्रो आम्दानी लिन सक्नुभएको छैन। उहाँले एक याममा १०० क्विन्टलभन्दा बढी आलु उत्पादन गर्नुहुन्छ। त्यो समयमा सबैसँग आलुको उत्पादन भएका कारण उहाँले रु २० प्रतिकिलो बिक्री गर्नुपर्ने बाध्यता छ। "उत्पादन नभएर किसान मर्कामा छैनन्। किसान बजारीकरणको समस्याका कारण मर्कामा छन्। हिजो हामीले रु २० प्रतिकिलो बिक्री गरेको आलु आज बजारमा रु ६० मा आफैँले खरिद गरेर खानुपर्ने अवस्था छ।"

रामबहादुरले भन्नुभयो, "यदि उत्पादन गरेको तरकारीलाई भण्डारण गर्ने व्यवस्था भएको भए हामीले लागतभन्दा कममा आफ्नो उत्पादन बिक्री गर्नुपर्ने अवस्था आउने थिएन।"टीकापुरकै अरुण चौधरी पनि व्यावसायिक तरकारी खेती गर्नुहुन्छ। उहाँले बेमौसमीभन्दा बढी मौसमी तरकारी खेती गर्नुहुन्छ। 'सिजन'मा सबैले तरकारी खेती गर्ने भएका कारण अरुणले उत्पादन भएको वस्तुबाट चाहेजस्तो फाइदा लिन सक्नुभएको छैन। "बजारीकरण वा भण्डारणको राम्रो व्यवस्था भए उत्पादन भएको वस्तुलाई राम्रो मूल्यमा बिक्री गर्न सकिन्थ्यो" अरुणले भन्नुभयो, "रानीजमरा कुलरिया सिँचाइ आयोजनाले कृषिमा राम्रो सहयोग गर्दै आएको छ त्यसलाई बजारीकरण र भण्डारणको लागि व्यवस्था गर्न सकेको भए किसानलाई राहत हुने थियो। "कार्यान्वयन एकाइले निर्माण गर्ने भनिएको शीतभण्डारलाई लक्षित गर्दै किसानले गुनासो बढी गर्ने गरेका छन्। आर्थिक वर्ष २०५७/०७६ मा नै शीतभण्डार निर्माणको लागि बजेट विनियोजन गरेको थियो। तीन वर्षदेखि निर्माणको प्रक्रियामा रहेको शीतभण्डार निर्माणको काम चालु आर्थिक वर्षमा सुरु हुने भएको छ।

राष्ट्रिय गौरवको आयोजना रानीजमरा कुलरिया सिँचाइ आयोजना अन्तर्गतको कृषि कार्यक्रम कार्यान्वयन एकाइको ७५ प्रतिशत र किसानको २५ प्रतिशत लागत रहने गरि निर्माण हुने भनिएको शीतभण्डारको काम चालु आवमा सुरु हुने भएको हो। तीन वर्षदेखि कुलो समितिले उठाउनुपर्ने रकम सङ्कलन हुन नसक्दा बजेट कार्यान्वयनमा ढिलाइ हुँदै आएको थियो। तीन कुलो समितिको हुन आउने रकमको रु ८५ लाख जम्मा गरेर बाँकी रु एक करोड १५ लाख टीकापुर नगरपालिकाले उपलब्ध गराउने भएपछि कार्यान्वयन एकाइले शीतभण्डारको काम अगाडि बढाएको कार्यान्वयन एकाइका प्रमुख गोविन्दराज जोशीले बताउनुभएको छ। "हाम्रा पनि केही प्राविधिक समस्या थिए।

त्यसैमा कुलो समितिले उठाउनुपर्ने २५ प्रतिशत रकम जम्मा गर्न नसक्नु, जग्गाक टुङ्गो नलाग्नु र कार्यालयका तर्फबाट त्यसको सम्भाव्यता अध्ययनको रिपोर्ट ढिला आउनुले पनि काममा ढिलाइ भएको हो।" कार्यान्वयन एकाइका प्रमुख जोशीले भन्नुभयो, "कुलो समितिले उठाउनुपर्ने रकम पनि जम्मा भएको छ। हामीले असोज/कात्तिकबाटै शीतभण्डार निर्माणको कामलाई अगाडि बढाउने गरी प्रक्रियामा लागिसकेका छौँ।" विगत तीन आवमा रु तीन करोड बजेट विनियोजन गर्दै क्रमागत आयोजनाका रुपमा लिने योजना बनाएको कार्यान्वयन एकाइले चालु आवमा भने एकै वर्षमा काम सम्पन्न गर्ने गरी रु छ करोड बजेट विनियोजन गरेको छ। कार्यान्वयन एकाइले आलु भण्डारलाई विशेष प्राथमिकतामा राखेर शीतभण्डार निर्माण गर्न लागेको प्रमुख जोशी बताउनुहुन्छ। "हाम्रो कार्यक्रममा पनि आलुखेती विस्तार तथा आलु पकेट क्षेत्र घोषणा समावेश गरिएको छ। त्यसैअनुसार आलुलाई विशेष महत्वका साथ लिएका छौँ।" प्रमुख जोशीले भन्नुभयो, "शीतभण्डार निर्माण भएपछि यस क्षेत्रका १६ हजार किसानलाई प्रत्यक्ष लाभ मिल्ने छ।" टीकापुर नगरपालिकाका नगर उपप्रमुख खडकबहादुर शाहले शीतभण्डार निर्माण भएपछि स्थानीय उत्पादनलाई भण्डारण गरेर बजारीकरणमा सहज हुने बताउँदै यसले भारतीय तरकारीलाई विस्थापित गर्ने विश्वास व्यक्त गर्नुभएको छ। करिब रु सात करोड लागत अनुमान गरिएको एक हजार मेट्रिक टन क्षमताको शीतभण्डार निर्माण भएपछि टीकापुर नगरपालिका, जानकी गाउँपालिका र लम्किचुहा नगरपालिकाका केही वडाका किसानले प्रत्यक्ष लाभ लिनसक्ने छन्।रासस

# युक्रेन युद्ध: 'रूस युद्धको उद्धेश्य विस्तार गर्न तयार'

**विविसी**



युक्रेनमा रुसको सैन्य चासो अब देशको पूर्वी क्षेत्रमा "मात्र" सीमित नरहेको रुसी विदेशमन्त्री सेर्गेइ लाभ्रोभले बताएका छन्। पश्चिमले युक्रेनलाई लामो दुरीमा प्रहार गर्न सक्ने अस्त्र उपलब्ध गराएपछि मस्कोको रणनीति परिवर्तन भएको रुसको एक सरकारी सञ्चारमाध्यमसँगको अन्तर्वार्तामा उनले बताए।अब रुसले आफ्नो सुरक्षा सुनिश्चित गर्नका निम्ति युक्रेनी सेनालाई युद्धको मोर्चाबाट टाढा पुऱ्याउनु पर्ने उनको व्याख्या छ।यसअघि अमेरिकाले रुसमाथि थप युक्रेनी भूभागलाई आफ्नो देशमा गाभ्ने योजना बनाएको आरोप लगाएको थियो।युक्रेनको पूर्वी डोनबास क्षेत्रमा रुसी भाषीहरूले नरसंहार भोगेको र उनीहरूको स्वतन्त्रता आवश्यक रहेको झुटो दाबीसहित गत फेब्रुअरीमा रुसले युक्रेनमाथिको आक्रमण सुरु गरेको थियो।पाँच महिनाको समयावधिमा रुसले युक्रेनको पूर्वी र दक्षिणका केही भागहरू कब्जा गरिसकेको छ। यद्यपि, किएभ कब्जा गर्ने आफ्नो मूल उद्देश्यमा रुस सफल भएको छैन। रुसले आफ्नो प्रमुख उद्देश्य डोनबासको मुक्ति भएको दाबी गर्दै आएको छ।फेब्रुअरीदेखि नै पश्चिमा राष्ट्रहरूले युक्रेनलाई रुसी सेनाहरू विरुद्ध प्रतिरक्षाका निम्ति शक्तिशाली अस्त्रहरू प्रदान गरिरहेका छन्।त्यस्तो सहयोगले रुसलाई आफ्नो लक्ष्य विस्तार गर्न बाध्य तुल्याएको लाभ्रोभको भनाई छ।"हामीले युक्रेनी राष्ट्रपति भोलोदिमिरे जेलेन्स्कीले नियन्त्रणमा राखेको युक्रेनको भूभागमा हाम्रो क्षेत्रलाई प्रत्यक्ष खतरामा पार्ने अस्त्रहरू राख्न दिन सक्दैनौँ," लाभ्रोभले रुसी सञ्चारमाध्यमका प्रख्यात टिप्पणीकार मार्गरिटा सिमोनियनसँगको अन्तर्वार्तामा भने। सिमोनियन प्रसारण संस्था आरटीका प्रधान सम्पादक हुन्।"अहिले भूगोल फरक छ," उनले दक्षिणी खेरसन र जापोरिज्जिया क्षेत्रहरूलाई रुसको पछिल्लो उद्देश्यको रूपमा प्रस्तुत गर्दै भने। मस्कोको सेनाले यसअघि नै ती दुवै क्षेत्रका भागहरूलाई नियन्त्रणमा लिएका छन्।लाभ्रोभले विशेष गरी हिमर्स नामक लामो दूरीमा प्रहार गर्ने रकेट प्रणालीलाई जोड दिए। पछिल्लो समय अमेरिकाले उपलब्ध गराएका ती अस्त्रको सहयोगमा युक्रेनले केही सफलता प्राप्त गरेको छ।विवरणहरूका अनुसार युक्रेनले दुई दिन निरन्तर रुसी सेनाले कब्जा गरेको खेरसनस्थित एउटा महत्त्वपूर्ण रणनीतिक पुलमा हिमर्स प्रहार गरेको छ।एन्टोनिभ्स्की दुई पुल मध्ये एक हो जसमार्फत रुसले खेरसन सहर सहित डिनप्रो नदीको पश्चिमी किनारमा कब्जा गरेको क्षेत्रहरूमा आपूर्ति गर्छ।रुसी विदेशमन्त्रीले युक्रेनलाई हतियार उपलब्ध गराउने पश्चिमा कार्यलाई "शक्तिहीन क्रोध" र "परिस्थितिलाई झन् खराब बनाउने इच्छा"को रूपमा वर्णन गरे।रुसले युक्रेनको भूभाग नियन्त्रणमा लिनका निम्ति योजना बनाएकोबारे मङ्गलवार अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले बताएका थिए।उनले रुसले ठूलो युक्रेनी भूभागलाई आफ्नो देशमा गाभ्ने योजनाका निम्ति आधार तयार पारिसकेको तर्क राखेका थिए।उनले मस्कोले सन् २०१४ मा क्राइमिया क्षेत्र कब्जा गर्न प्रयोग भएको रणनीतिक 'प्लेबुक'को पुनः प्रयोग गर्न लागेको बताएका हुन्।किर्बीले रुसले युक्रेनी क्षेत्रहरूमा अवैध रूपमा रुस समर्थक अधिकारीहरू तयार पारेको आरोप लगाएका थिए। नयाँ "प्रशासनले" युक्रेनी भूभागलाई आफ्नो बनाउन आउँदो सेप्टेम्बर लगत्तै जनमत सङ्ग्रह गराउने उनले बताए।त्यस जनमत सङ्ग्रहको नतिजा "सार्वभौम युक्रेनी भूभागलाई आफूमा गाभेको दाबी गर्नको लागि" प्रयोग गर्ने उनले बताए।सन् २०१४ मा हतारमा आयोजना गरिएको सङ्गठित जनमत सङ्ग्रह पछि रुसले क्राइमियालाई आफ्नो नियन्त्रणमा लिएको थियो। त्यस कार्यलाई अन्तर्राष्ट्रिय समुदायले अवैध ठानेको थियो। यद्यपि, मतदाताहरूले आफ्नो भूभाग रुसमा गाभिने पक्षमा मत खसालेका थिए।त्यतिबेला किएभ समर्थकहरूको ठूलो जमातले मतदान बहिष्कार गरेका थिए र उक्त अभियान न स्वतन्त्र थियो न त निष्पक्ष नै।किर्बीले आफूले रुसी योजनाहरू "उजागर" गर्नुको उद्देश्य "संसारलाई कुनै पनि कथित विलय पूर्वनियोजित, गैरकानूनी र अवैध हो भन्ने थाहा दिनु" भएको बताए।उनले रुसले आफूमा विलय गर्नका लागि खेरसन, जापोरिज्जिया, डोनेट्स्क र लुहान्स्क क्षेत्रहरू लक्षित गरेको बताएका थिए। रुसी विदेशमन्त्री सेर्गेइ लाभ्रोभले पनि तिनै क्षेत्र आफ्नो लक्ष्यमा रहेको बताएका छन्।यसअघि लाभ्रोभले रुसले युक्रेनमा आक्रमण नभई विशेष सैन्य कारबाही घोषणा गरेको बताएका थिए।

# राष्ट्रिय टिमलाई राखेपको 'रिफ्रेसमेन्ट', खेलाडी भन्छन् : नौलो अनुभव

**टुडे एक्सप्रेस / काठमाण्डौ**



खेल मनोविज्ञानको विषय नेपाली खेलकुदवृत्तका लागि नौलो अनुभव हो। सफल खेलाडी बन्न शारीरिक चुस्तता, तयारी र अनुभवसँगै समानान्तर अर्को पक्ष मनोविज्ञानबारे नेपालमा चर्चा हुन थालेको धेरै भएको छैन।एसियाली खेलकुदको तयारीमा रहेका राष्ट्रिय टिमका सदस्यलाई राष्ट्रिय खेलकुद परिषद (राखेप)ले पुनर्ताजगीका नाममा मनोरञ्जनात्मक प्रस्तुतिसहित रात्रिभोजको आयोजना गरेको थियो। निरन्तरको प्रशिक्षणबाट एकोहोरो बनेका खेलाडीलाई उर्जा भर्ने उद्देश्यबाट आयोजित यो कार्यक्रम खेल मनोविज्ञानकै एउटा हिस्सा हो।काठमाडौंका एउटा पार्टी प्यालेसमा २३ खेलका ३ सय बढी खेलाडी जम्मा भएर मनोरन्जन गरे, मन्त्रीसहित खेलकुद क्षेत्रका उच्च पदाधिकारीको कुरा सुने, प्रशिक्षणका क्रममा खिचिएको आफ्नै भिडियो प्रदर्शनी हेरे, कलाकारको प्रस्तुतिमा झुमे, नाचगान गरे रमाइलो गरे।यसको दुईवटा फाइदा थियो- अनौपचारिक कार्यक्रमले राष्ट्रिय टिमका खेलाडीबीच परिचयसँगै सामाजिकीकरणको अभ्यास भयो, सबैले नौलो माहोलको अनुभव गरे।नेपालमा राष्ट्रिय टिमका खेलाडीका लागि गरिएको यो पहिलो बृहत अनौपचारिक कार्यक्रम थियो। 'कार्यक्रम रमाइलो भयो। हामी सबै एकैठाउँमा हुँदा रिफ्रेसमेन्टसँगै एक प्रकारले सामाजिकीकरणजस्तो भयो,' टेवलटेनिस राष्ट्रिय खेलाडी एलिना महर्जनले भनिन्, 'हाम्रो लागि त्यस्तो कार्यक्रम पहिलोपल्ट भएको थियो। सबैकुरा नौलो नै लाग्यो।'सन् २०२३ को सेप्टेम्बरका लागि आयोजना मिति तय भएको एसियाडमा नेपालको सहभागिता रहने २३ खेलका खेलाडी र प्रशिक्षकलाई कार्यक्रममा उपस्थित थिए। पहिलो चरणमा ४० दिनको प्रशिक्षण सम्पन्न भएपछि पुनः छनोट गरिएपछिको खाली समयमा यो कार्यक्रम आयोजना गरिएको हो।'४० दिन प्रशिक्षण गरेपछि पुनः छनोटमार्फत छानिएका खेलाडीलाई दोस्रो चरणको प्रशिक्षणमा जानुअघि पर्याप्त उर्जा प्रदान गर्न गरिएको अनौपचारिक प्रक्रिया हो,' राखेपले निर्माण गरेको हाइ पफर्मेन्स कमिटीका प्रवक्ता हिमालराज दाहालले भने, 'यसबाट खेलाडीहरू थप प्रेरित हुन्छन् भन्ने विश्वास छ।'कार्यक्रमलाई सकेसम्म अनौपचारिक बनाउने प्रयास गरिएको थियो। खेलाडी र विशिष्ट अतिथी फ्लोरमै बसेका थिए, नेपाल आइडल रवि ओड र गायिक एलिना चौहानको प्रस्तुतिमा खेलकुदमन्त्री महेश्वरजंग गहतराज, सदस्यसचिव टंकलाल घिसिङ खेलाडीहरूसँग छमछम नाचिरहेका थिए।नेपाल बक्सिङ संघका अध्यक्ष राम अवाले गायक/कलाकार होइनन्। पूर्व राष्ट्रिय च्याम्पियन अवालेले कार्यक्रममा राष्ट्रकवि स्व. माधवप्रसाद घिमिरेले लेखेको गीत गाए- नेपाली हामी रहौंला कहाँ नेपालै नरहे'.

मन्त्री र सदस्यसचिव दुवैले एसियाली खेलकुदको तयारीलाई अझै ब्यापक बनाउँदै लैजाने प्रतिवद्धता व्यक्त गरे। बजेटकै कारण एसियाड तयारीमा बाधा नहुने उनीहरूको भनाइ थियो। सदस्यसचिव घिसिङले एसियाड तयारीका लागि १० करोड रुपैयाँ विनियोजन भएको जानकारी दिए।मन्त्री गहतराजले यति बजेटले नपुगे थप्न पहल गर्ने आश्वासन दिए। उनले एसियाडमा पदक विजेता खेलाडीको पुरस्कार रमक बढाउन मन्त्रिपरिषदमा प्रस्ताव लैजाने बताए। खेलकुद मन्त्रालयको पुरस्कार कार्यविधिमा एसियाडको स्वर्ण विजेताले २५, रजत विजेताले १५ र कांस्य विजेताले १० लाख रुपैयाँ पुरस्कार पाउने व्यवस्था छ। यो रकम बढाउने मन्त्रीले खेलाडीसामू प्रतिवद्धता व्यक्त गरेका छन्।'कार्यक्रममा प्रशिक्षणसत्रको भिडियो प्रदर्शनी, खेलकुद क्षेत्रका जिम्मेवार पदाधिकारीको अभिव्यक्तिले भोलि नै एसियाली खेलकुद सुरु हुन लागेको हो कि जस्तो सकारात्मक महशुस भएको थियो। केहि न केहि गर्नुपर्छ भन्नेजस्तो भाव खेलाडीमा पैदा भएको थियो। एउटा सकारात्मक अनुभूति रह्यो,' कराँते प्रशिक्षकसमेत रहेका नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठले भने।सन् १९९९ मा नेपालमै आयोजित आठौं दक्षिण एसियाली खेलकुद (साग) र २००४ मा पाकिस्तानमा भएको नवौं सागमा कराँतेबाट स्वर्ण जितेका दीपकले खेलाडीको मनोविज्ञानलाई हेरेर यस्तो कार्यक्रम यसअघि आयोजना भएको आफूलाई थाहा नभएको बताए।'विदेशतिर राष्ट्रिय टिमका खेलाडीलाई यस्तौ कार्यक्रम गरेर मनोवल उच्च बनाइरहेको हामीले देखे/सुनेका थियौं। त्यो देख्दा हाम्रोमा पनि किन नभएको होला भन्नेजस्तो लाग्थ्यो,' उनले अनलाइनखबरसँग भने, 'हिजो हामीले त्यसको केहि झलक हेर्न पायौं। यस्ता कार्यक्रम पटक पटक हुनुपर्छ। एसियाली खेलकुदको महत्व र गरिमा सम्झाउँदै अगाडि बढियो भने खेलाडी स्वयम् प्रेरित हुन्छन्।'

# भ्लादिमिर पुटिनलाई कोरोना संक्रमण

**विविसी**




अमेरिकी गुप्तचर निकाय सीआईएका निर्देशकले रुसी राष्ट्रपति भ्लादिमिर अस्वस्थ रहेको वा उनको स्वास्थ्य अस्थिर रहेको भन्ने विषयमा कुनै गुप्तचरी सूचना नरहेको बताएका छन्।यसै वर्ष ७० वर्ष पुग्ने पुटिन बिरामी भएको हुनसक्ने र सम्भवतः उनलाई क्यान्सर लागेको हुनसक्ने अपुष्ट विवरणहरू सञ्चारमाध्यममा आएका छन्।तर विलियम बर्न्सले यस्तो सङ्केत दिने कुनै प्रमाण नरहेको बताए। उनले ठट्यौली पारामा पुटिन "एकदमै स्वस्थ" देखिएको टिप्पणी गरे।सीआईएका प्रमुखको भनाइ अमेरिकाले युक्रेनलाई लामो दूरीमा मार हान्न सक्ने अस्त्रहरू प्रदान गर्ने घोषणा गरेपछि आएको हो।त्यसअघि रुसी विदेशमन्त्री सर्गेइ लाभ्रोभले युक्रेनमा रुसको सैन्य प्राथमिकता पूर्वमा "मात्रै" नरहेको र पश्चिमा विश्वले युक्रेनलाई अस्त्रहरू उपलब्ध गराएपछि मस्कोको रणनीति फेरिएको जनाएका थिए।कोलराडोमा एस्पन सेक्यूरिटी फोरमको बैठकमा बर्न्सले भने, "राष्ट्रपति पुटिनको स्वास्थ्यबारे एकदमै धेरै हल्लाहरू फैलिरहेका छन् र हामीले अहिलेसम्म भन्न सक्ने कुरा के हो भने उनी पूर्णरूपमा एकदमै स्वस्थ छन्। "उनको टिप्पणी सुनेर सहभागीहरू हाँसेपछि उनले आफ्नो भनाइ औपचारिक गुप्तचरी मूल्याङ्कनका आधारमा नभएको जनाएका थिए। बर्न्सले रुसमा अमेरिकी राजदूतको उत्तरदायित्व वहन गरेका थिए। उनले रुसी नेतालाई दुई दशकभन्दा बढी समयदेखि नजिकबाट नियालिरहेका छन्।उनका अनुसार राष्ट्रपति पुटिन "नियन्त्रण, धम्की र प्रतिशोधमा एकदमै धेरै विश्वास गर्छन्" र यो व्यवहार पछिल्लो दशकहरूमा अझ कठोर बन्दै गएको छ।उनका सल्लाहकारहरूको वृत्त खुम्चिएको दाबी सीआईए प्रमुखले गरे।"रुसलाई महाशक्तिका रूपमा स्थापित गर्न नै आफ्नो जन्म भएको कुरामा उनी विश्वस्त छन्।

त्यसो गर्नका लागि रुसको छिमेकलाई पुनः प्रभावक्षेत्रमा ल्याउनुपर्छ र युक्रेनमाथि नियन्त्रण नजमाईकन त्यसो गर्न सकिँदैन भन्ने उनलाई लाग्छ।"सीआईएका निर्देशक बर्न्स गत नोभेम्बरमा मस्को गएका थिए। रुसले युक्रेनमाथि आक्रमण गर्ने योजना गरेको गुप्तचरी सूचना पाएपछि त्यसको परिणाम गम्भीर हुने चेतावनी दिन उनले उक्त भ्रमण गरेका थिए।आफू "त्यहाँ पुग्दाभन्दा थप चिन्तित" भएर फर्किएको उनले बताए।रुसी राष्ट्रपतिको योजना "अत्यन्तै त्रुटिपूर्ण अनुमान र मुख्यतः युक्रेन र प्रतिरोध गर्ने चाहनाजस्ता विषयसँग सम्बन्धित भ्रमका" आधारमा तय भएको टिप्पणी बर्न्सले गरे।"पुटिन आफूले भनेको कुरामा साँच्चिकै विश्वास गर्छन्। गोप्य रूपमा वर्षौंदेखि युक्रेन वास्तविक देश नभएको बताएको मैले सुनेको छु।""वास्तविक देशहरूले प्रतिरोध गर्छन्। युक्रेनीहरूले त्यही गरे। "अमेरिकाले युक्रेनमा अहिलेसम्म हताहत भएका रुसी सैनिकको सङ्ख्या उल्लेख्य भएको आकलन गरेको छ।बर्न्सका अनुसार झन्डै १५,००० रुसी सैनिकको ज्यान गएको र सम्भवतः ४५,००० जना घाइते भएका छन्। उनले युक्रेनको पक्षमा अपेक्षा गरेभन्दा कम क्षति भएको जानकारी दिए।अहिले डोन्बास क्षेत्रमा देखिएको रुसी सेनाको बाक्लो उपस्थितिले रुसले गम्भीर पाठ सिकेको देखिएको उनले बताए।गत फेब्रुअरी महिनामा रुसले युक्रेनमाथि आक्रमण गरेको थियो।उसले युक्रेनको पूर्वी डोन्बास क्षेत्रमा बसिरहेका मानिसहरूले नरसंहार सामना गरिरहेको र उनीहरूलाई मुक्त गर्न आवश्यक रहेको दाबी गरेको थियो। पाँच महिना बित्दा रुसले युक्रेनको पूर्व र दक्षिणका भूभागहरूमा कब्जा जमाएको छ।किएभलाई कब्जा गर्ने उसको सुरुको योजना विफल भएको भएको छ।अमेरिकाले रुसले युक्रेनका विभिन्न भागहरू आफूमा गाभ्न खोजेको आरोप लगाएको थियो।

# करिअरकै पहिलो ओभरमा ब्रासवेलको ह्याट्रिक

**टुडे एक्सप्रेस / काठमाण्डौ**



न्युजिल्यान्डका अलराउन्डर माइकल ब्रासवेलले टी-२० अन्तर्राष्ट्रियमा आफ्नो करिअरको पहिलो ओभरमै ह्याट्रिक लिएका छन्।आयरल्याण्डसँगको दोश्रो टी-२० अन्तर्राष्ट्रियमा ३१ वर्षका उनले आफ्नो करिअरको पहिलो ह्याट्रिक लिएका हुन्।आयरल्यान्डविरुद्ध १४ औं ओभरको तेश्रो, चौथो र पाँचौ बलमा उनले लगातार विकेट लिएका हुन्।२७ रन बनाएका मार्क आदिरलाई उनले १३.३ ओभरमा ग्लेन फिलिप्सबाट क्याच गराए। चौथो बलमा ब्यारी म्याकार्थी फिलिप्सकै हातबाट ११ रनमा क्याच आउट भए।पाँचौं बलमा प्वाइन्टमा क्रेग योंगलाई ईश सोधीबाट क्याच गराउँदै उनले टि-२० करिअरको पहिलो ओभरमै ह्याट्रिक गरेका हुन्। जितको लागि १ सय ८० रनको विजयी लक्ष्य पछ्याएको आयरल्यान्ड १३.५ ओभरमा ९१ रनमा अल आउट भयो। आयरल्यान्डका मार्क आदिरले २२ बलमा ४ चौका र १ छक्कासहित सर्वाधिक २७ रन बनाए।न्युजिल्यान्डबाट टी-२० अन्तर्राष्ट्रियमा ह्याट्रिक गर्ने माइकल तेस्रो खेलाडी हुन्। यसअघि ज्याकोब ओराम र टिम साउथीले ह्याट्रिक गरेका थिए।

# राष्ट्रिय खुला फुल कन्ट्याक्ट कराते प्रतियोगिता भदौ ४ मा

**टुडे एक्सप्रेस / काठमाण्डौ**



नेपाल केनशिनकान कराते संघको आयोजनामा राष्ट्रिय फुल कन्ट्याक्ट कराते प्रतियोगिता हुने भएको छ।आगामी भदौ ४ गते शनिबार नेपाल केनशिनकानको केन्द्रिय कार्यालय बनेपामा प्रतियोगिता हुने छ।

नेपाल फुल कन्ट्याक्ट कराते महासंघको सहयोगमा हुन लागेको प्रतियोगितामा विभागीय टिमहरू, विभिन्न कराते संघ तथा डोजोबाट करिब २५० जना खेलाडी सहभागी हुने संघले जनाएको छ।प्रतियोगितामा महिलातर्फ ३५ केजी तौलमुनि, ४५ केजी तौलमुनि, ५५ केजी तौलमुनि र खुल्ला गरि चार विधामा प्रतिस्पर्धा हुने छ।प्रतियोगितामा प्रत्येक तौल समुहबाट प्रथम हुने खेलाडीलाई १५ हजार, दोस्रो हुनेलाई १० हजार तथा तेस्रो हुने खेलाडीलाई ५ हजार सहित ट्रफि र प्रमाणपत्र दिइने छ।

# पर्यटन क्षेत्र लयमा नआउँदा पोखरामा राजस्वको लक्ष्य पूरा हुन सकेन



**टुडे एक्सप्रेस /** कास्की

आन्तरिक राजस्व कार्यालय पोखराले गत आर्थिक वर्ष २०७८/७९ मा लक्ष्यको ९५ दशमलव ६६ प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ। विशेष गरी पर्यटन क्षेत्रबाट राम्रो राजस्व उठाउँदै आएको कार्यालयको पर्यटन व्यवसाय कोभिडअघिकै लयमा फर्किन नसक्दा राजस्वको लक्ष्यसमेत प्रभावित भएको हो। गत आवमा कूल रु पाँच अर्ब १० करोड १७ लाख २८ हजार राजस्व सङ्कलनको लक्ष्य राखेको कार्यालयले रु चार अर्ब ८८ करोड चार लाख ४१ हजार मात्र सङ्कलन गरेको छ। सङ्कलित राजस्व लक्ष्यको रु २२ करोड १२ लाख ८७ हजार न्यून हो। कार्यालयले आयकरतर्फ लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरे पनि मूल्य अभिवृद्धि कर(मुअकर) र अन्त शुल्क लक्ष्यअनुसार सङ्कलन नहुँदा समग्र राजस्वको लक्ष्य पूरा हुन नसकेको हो।कार्यालयले आयकर शीर्षकमा रु दुई अर्ब ८४ करोड एक लाख २१ हजार सङ्कलनको लक्ष्य राखेकामा रु तीन अर्ब तीन करोड ५६ लाख जम्मा भएको कार्यालयले जनाएको छ। त्यो लक्ष्यको १०६ दशमलव ८८ प्रतिशत हो। यसैगरी मुअकरमा रु एक अर्ब ५७ करोड १० लाख ७८ हजारको लक्ष्य राखिएकामा रु एक अर्ब ३३ करोड ५५ लाख ४२ हजार सङ्कलन भएको प्रमुख कर अधिकृत एवं राजस्व कार्यालयका प्रमुख एवं प्रमुख कर अधिकृत रमेश शर्माले बताउनुभयो।कार्यालयले गत आर्थिक वर्षमा घरबहाल करतर्फ रु छ करोड ३९ लाख ३४ हजार, ब्याजकर रु ३५ करोड ३५ लाख १६ हजार, अन्तशुल्क रु १८ करोड ९७ लाख ५२ हजार, स्वास्थ्य सेवा कर रु १६ लाख ४१ हजार र शिक्षा कर रु चार लाख ३४ हजार सङ्कलन गरेको छ। कार्यालयले भने लक्ष्य पूरा हुन नसके पनि राजस्व सङ्कलन सन्तोषजनक नै रहेको जनाएको छ।

विगतको राजस्वको वार्षिक वृद्धिदरभन्दा कम भए पनि राष्ट्रिय औसतभन्दा माथि रहेकाले राम्रो नै मान्नुपर्ने कार्यालय प्रमुख शर्माले बताउनुभयो। कार्यालयको कार्यक्षेत्रमा सेवा क्षेत्र बढिरहेको र होटल तथा पर्यटन क्षेत्र कोभिड अघिकै लयमा फर्किन नसक्दा त्यस क्षेत्रबाट जम्मा हुने मूल्यअभिवृद्धि करमा कमी आएको र सरकारी कार्यालयको पूँजीगत खर्च कम हुँदासमेत राजस्वको समग्र लक्ष्य भेट्टाउन नसकिएको कार्यालयले जनाएको छ।कार्यालय प्रमुख शर्माले भन्नुभयो, "हाम्रो कार्यालयको कार्यक्षेत्रमा सेवा क्षेत्र बढी छ, होटल र पर्यटन क्षेत्र पुरानै लयमा फर्किन नसक्दा सो क्षेत्रबाट भ्याट आउन सकेन, पोखरा महानगरपालिका र प्रदेशस्थित कार्यालयबाट पनि गत वर्ष पूँजीगत खर्च कम हुँदा सरकारी कार्यालयबाट आउनुपर्ने मुअकर पनि सोचेअनुसार आउन नसक्दा हामीले लक्ष्य हासिल गर्न सकेनौं।" आन्तरिक राजस्व कार्यालय पोखरामा गत असार मसान्तसम्म ६२ हजार ४७१ आयकरमा र ११ हजार ७१२ करदाता मूल्यअभिवृद्धि करमा दर्ता भएका छन्। यसैगरी व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या एक लाख ३० हजार ८७० रहेको कार्यालयका सूचना अधिकारी मदनबहादुर केसीले जानकारी दिनुभयो। गत आर्थिक वर्ष २०७८/७९ मा आयकरतर्फ सात हजार ४६६, मुअकरमा एक हजार ३५ र व्यक्तिगत स्थायी लेखा नम्बर लिने २२ हजार ५८३ करदाता थपिएका छन्।रासस

# लघुजलविद्युत्मा करोडौं लगानी खेर

**टुडे एक्सप्रेस /** बागलुङ

मिनिग्रिड परियोजना धरासयी बन्दा राज्यको करोडौं लगानी डुबेको छ। लघुजलविद्युत् आयोजनालाई मिनिग्रिडमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोड्न बनाइएका पूर्वाधार लथालिङ्ग छन्।जैमिनी नगरपालिका ४, ९ र १० मा रहेका सात लघुजलविद्युत् आयोजनाबाट उत्पादित बिजुलीलाई एकै ठाउँबाट राष्ट्रिय प्रसारणमा दिन विसं २०६७ मा मिनिग्रिड बनाइएको थियो। विडम्बना ! राष्ट्रिय प्रसारण लाइनमा जोडिन नपाउँदै उक्त परियोजना अलपत्र परेको छ। दुई वर्षसम्म जेनतेन चले पनि व्यवस्थापकीय कमजोरीका कारण परियोजना दिगो हुन सकेन। मिनिग्रिड बन्द भएपछि ११ केभिए विद्युत् प्रसारण लाइन, पोल, ट्रान्सफर्मरलगायत संरचना प्रयोगविहीन छन्। सडक विस्तार, बर्सातको बाढीपहिरा आदिले कतिपय ठाउँका तार र पोलमा क्षति पुगेको छ।केही समय मिनिग्रिडमार्फत एकार्कासँग जोडिएका सातवटै लघुजलविद्युत् आयोजना अहिले पूर्ववत् स्थितिमै चलेका छन्। केन्द्रीय विद्युतीकरण भएपछि ती आयोजना सञ्चालनमा पनि चुनौती थपिएको छ। परियोजनाका तत्कालीन अध्यक्ष टेकबहादुर श्रीसले मिनिग्रिड बनाउँदा उबेला झण्डै रु डेढ करोड खर्च भएको बताउनुभयो। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले लघुजलविद्युत् आयोजनाको बिजुलीलाई एकीकृत गरी राष्ट्रिय प्रसारण लाइनमा जोड्ने लक्ष्यसहित परियोजनामा लगानी गरेको थियो।श्रीसले आफू अध्यक्ष छँदा परियोजना बनेको भए पनि पछिल्लो नेतृत्वले त्यसलाई चलाउन नसकेको बताउनुभयो। "नेतृत्वले पनि इच्छाशक्ति देखाएन, समुदाय एक्लैले मात्र व्यवस्थापन गर्न सकेन", उहाँले भन्नुभयो, "राज्यका निकायले पनि हेरेनन्, पछि अस्तव्यस्त भएर परियोजना नै बन्द भयो।" परियोजना सञ्चालन तथा व्यवस्थापनका लागि बनेको उर्जा उपत्यका सहकारी संस्था पनि अहिले निष्क्रिय छ। करिब आठ किमि दूरीको मिनिग्रिडलाई राष्ट्रिय प्रसारण लाइनमा गाभ्न नेपाल विद्युत् प्राधिकरणसँग पनि परियोजना व्यवस्थापनले छलफल चलाएको थियो।

त्यसले पनि सार्थकता पाएन। अहिले प्राधिकरणले आफ्नै प्रसारण लाइनबाट जैमिनीमा विद्युतीकरण गरिरहेको छ। प्राधिकरणको बागलुङ वितरण केन्द्रका इन्जिनियर प्रकाश काफ्लेले विद्युत् विस्तारका क्रममा मिनिग्रिडकै लाइन र पोल प्रयोग गर्न खोज्दा आयोजनाका स्थानीय व्यवस्थापकले नदिएको गुनासो गर्नुभयो। "आधिकारिकरुपमा प्राधिकरणलाई हस्तान्तरण भएमा अझै पनि लाइन र पोल प्रयोगमा ल्याउन सकिन्छ", उहाँले भन्नुभयो, "पहिले नै दिएको भए त्यहाँ भएको लगानीले अरु ठाउँमा विद्युत् सेवा विस्तार हुन्थ्यो, एकै ठाउँमा दुई-दुई वटा प्रसारण लाइन चाहिने नै थिएन।" उहाँले नमूना परियोजनाका रुपमा मिनिग्रिड सञ्चालनमा ल्याइए पनि पछि असफल भएको बताउनुभयो।जैमिनी-१० राङ्खानीका मित्र थापाले मिनिग्रिडमा भएको लगानी 'बालुवामा पानी' सरह भएको टिप्पणी गर्नुभयो। लघुजलविद्युत् आयोजना आफ्नै ढङ्गले चले पनि मिनिग्रिडका नाममा राज्यले गरेको लगानी खेर गएको उहाँको भनाइ छ।"कतै तार लत्रिएको छ, कतै पोल ढलेका छन्, रेखदेख र संरक्षण छैन, सबै लथालिङ्ग अवस्थामा छ", उहाँले भन्नुभयो, "बेलैमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न सकेको भए लगानी जोगिन्थ्यो, स्थानीयले लाभ पाउँथे।" "अहिले केन्द्रीय विद्युत् पुगेपछि लघुजलविद्युत् आयोजनाको भविष्य पनि अन्यौलमा परेको छ। उपभोक्ता दुईतिर बाँडिदा आयोजनाको आम्दानी घट्दो छ। मर्मतसम्भार नहुँदा केही आयोजना जीर्ण बनेका छन्। आयोजना चलाउनै धौधौको स्थिति छ।ती आयोजनाबाट कूल १२८ किलोवाट बिजुली उत्पादन हुन्छ। विसं २०५४ देखि जैमिनीमा लघुजलविद्युत् आयोजना बन्न थालेका हुन्।

जैमिनी-१० राङ्खानीमा २६ किलोवाटको ऊर्जाखोलासहित, ठेउलेखोला, कालुङखोला, बिजुवा, ऊर्जाखोला दोस्रो, तेस्रो र चौंथो आयोजना सञ्चालनमा छन्। ऊर्जाखोला निर्माणमा झण्डै २० लाख खर्च भएको थियो। अहिले पर्ने लागतसँग हेर्दा त्यो रकम धेरै ठूलो हुन आउँछ। आयोजना व्यवस्थापकले स्थानीय सरकारले आफ्नो सम्पत्तिका रुपमा लघुजलविद्युत्लाई लिनुपर्ने माग गरे पनि जैमिनी नगरपालिकाले खासै चासो दिएको छैन।प्राविधिक जनशक्ति व्यवस्थापन र केही संरचनागत सुधार गर्नसके मिनिग्रिडलाई फेरि चलाउन सकिने व्यवस्थापक बताउँछन्। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले लघुजलविद्युत् आयोजनालाई राष्ट्रिय प्रसारण लाइनमा जोड्न तयारी अगाडि बढाएको भनिए पनि त्यसले परिणाम दिन सकेको छैन।गलकोट नगरपालिका-१ दुदिलाभाटीमा रहेका छ लघुजलविद्युत् आयोजनालाई मिनिग्रिडमा गाभ्न केन्द्रले विसं २०७२ मा गरेको प्राविधिक अध्ययन तथा सर्वे पनि त्यसै अलपत्र परेको छ। मिनिग्रिड बन्नु त परैको कुरा उल्टै त्यहाँ सञ्चालित आयोजना नै बन्द भएका छन्।गौंदीखोला पहिलो लघुजलविद्युत् आयोजनाका सचिव मोहदत्त सुवेदीका अनुसार अहिले एउटा मात्र आयोजना सञ्चालनमा छ। त्यो पनि राष्ट्रिय प्रसारणको बिजुली नआउँदाका बखत विकल्पका रुपमा मात्र।१८ किलोवाटको गौंदीखोला दोस्रो आयोजनाबाट मात्र अहिले विद्युत् उत्पादन भइरहेको छ। २४ किलोवाटको गौंदीखोला पहिलो, २१ किलोवाटको गौंदीखोला तेस्रो, १५ किलोवाटको गौंदीखोला चौंथो, १७ किलोवाटको चिप्लखोला र नौ किलोवाटको काउलेखोला लघुजलविद्युत् आयोजना बन्द भएको छ।"मिनिग्रिडमार्फत केन्द्रीय प्रसारणमा जोड्न हामीले पहल पनि गर्‍यौं, लगानी थप्न उपभोक्ता पनि तयार थिए", सचिव सुवेदीले भन्नुभयो, "पछि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले पनि चासो दिएन, मिनिग्रिडको योजना बीचमै तुहियो।" केन्द्रीय बिजुली आएपछि लघुजलविद्युत् आयोजना उपेक्षामा परेको उहाँको भनाइ छ।पूर्ण क्षमतामा चलेमा दुदिलाभाटीका छ आयोजनाबाट हिउँदमा १०४ र वर्षायाममा १६० किलोवाटसम्म बिजुली निस्कन्छ। प्राविधिज्ञका अनुसार एक किलोवाट विद्युत् उत्पादनका लागि रु तीन लाख ५० हजारदेखि पाँच लाखसम्म लाग्छ। यसरी हेर्दा करोडौं लगानीमा बनेका लघुजलविद्युत् आयोजना जोखिममा छन्।जिल्ला समन्वय समितिको आँकडाअनुसार यहाँ १२० लघुजलविद्युत् आयोजना छन्। जसबाट झण्डै दुई मेगावाट बिजुली निस्कन्छ। २२ हजार घरधुरीमा उज्यालो पुगेको छ। अहिले पनि तमानखोला र निसीखोला गाउँपालिका पूर्ण रुपमा लघुजलविद्युत्मा निर्भर छ। केन्द्रीय विद्युत् नपुगेका अरु पालिकाका बासिन्दाले पनि लघुजलविद्युत् आयोजनाकै बिजुली प्रयोग गर्छन्। यसअघि राष्ट्रिय नवीकरणीय ऊर्जा कार्यक्रमको क्षेत्रीय सेवा केन्द्रका रुपमा रहेको (डिसिआरडिसी)का अध्यक्ष ईश्वरलाल राजभण्डारीले लघुजलविद्युत् आयोजनाको दिगो सञ्चालन तथा व्यवस्थापनमा सबै पक्ष जिम्मेवार हुनुपर्ने बताउनुभयो। उहाँका अनुसार विगत छ वर्षयता जिल्लामा नयाँ आयोजना भने बनेका छैनन्। दातृ निकायको सहयोग आउन छाडेपछि कार्यक्रम नै रोकिएको अध्यक्ष राजभण्डारीले बताउनुभयो। पहिले संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, विश्व बैंकलगायतका दाताले लघुजलविद्युत् आयोजनामा आर्थिक सहयोग गर्थे। तत्कालीन जिविस र गाविसले पनि आयोजनामा खर्च गरे।वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आयोजना बनाउँदा ७० प्रतिशतसम्म अनुदान उपलब्ध गराउँथ्यो। त्यसबाहेक अरु साझेदार सङ्घसंस्था, निकाय र उपभोक्ताको पनि आयोजनामा लगानी तथा श्रमदान परेको छ। एक आँकडाअनुसार नेपालमा तीन हजार २०० भन्दा बढी लघुजलविद्युत् आयोजना छन्। ती आयोजनाबाट निस्कने ३६ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइन बाहिर छ।रासस

# उद्योगमा लगानी : ६२ वर्षमा २६ खर्ब बढीको प्रस्ताव

**टुडे एक्सप्रेस /** काठमाडौं

पछिल्लो छ दशकमा मात्रै मुलुकको उद्योग क्षेत्रमा रु २६ खर्ब बढी लगानी भएको पाइएको छ। यसबाट उद्योग क्षेत्रको विकासका सरकारले विशेष गरी ध्यान केन्द्रित गरेको र लगानीकर्ताले पनि लगानीको मात्रामा क्रमशः वृद्धि गर्दै गएको देखिन्छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको उद्योग विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार आर्थिक वर्ष २०७८/०७९ सम्म उद्योग (विभिन्न क्षेत्रका उद्योगमा) मात्रै रु २६ खर्ब २७ अर्ब बढीको लगानी प्रस्ताव आएको उल्लेख छ।नेपालमा विशेष गरी आर्थिक वर्ष २०१७/०१८ सालदेखि २०७८/०७९ सम्म आठ हजार ७६४ उद्योगका लागि उक्त परिमाणको लगानी प्रस्ताव आएको हो। तथ्याङ्कअनुसार हालसम्म दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानीको प्रस्ताव साना उद्योगमा रहेको छ।

विवरणअनुसार साना उद्योग पाँच हजार ४४२, मझौला उद्योग दुई हजार १७ र ठूला उद्योग एक हजार ३०५ दर्ता भएका छन्। तथ्याङ्कअनुसार हालसम्म दर्ता भएका उद्योगले छ लाख ५७ हजार ५०७ लाई रोजगारी दिने उल्लेख गरिएको छ।

### एक वर्षमै थपियो एक खर्ब ८७ अर्ब

कोरोना महामारीपछि विस्तारै स्वदेशी तथा विदेशी लगानीका उद्योगमा प्रतिबद्धता आउने क्रममा वृद्धि हुन थालेको विभागका सम्बद्ध अधिकारीको भनाइ छ।

विभागका सूचना अधिकारी पूर्णिमा उपाध्यायले कोरोना पछि उद्योगको सङ्ख्यासँगै लगानीमा समेत वृद्धि हुन थालेको जानकारी दिनुभयो। उहाँका अनुसार गत आव २०७७/०७८ को तुलनामा २०७८/०७९ मा स्वदेशी लगानीका उद्योगमा मात्रै रु दुई खर्ब बराबरको लगानी प्रतिबद्धता आएको छ।आव २०७७/०७८ मा २०३ उद्योगका लागि रु एक खर्ब ५६ अर्ब बढीको लगानी प्रस्ताव आएकोमा गत आव २०७८/०७९ मा रु तीन खर्ब ४३ अर्ब ५५ करोड बढीको लगानी प्रस्ताव आएको छ। एक वर्षको अवधिमा रु एक खर्ब ८७ अर्ब बढीको लगानी प्रस्ताव आएको हो।गत आव २०७८/०७९ मा ३०९ वटा उद्योग दर्ता भएकामा ९१ वटा ठूला उद्योग, १०८ वटा मझौला र ११० वटा साना उद्योगमा दर्ता भएका छन्। गत आव २०७७/०७८ मा २०३ वटा उद्योग दर्ता भएका थिए।

### बढ्यो विदेशी लगानी

विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार विदेशी लगानी प्रतिबद्धतामा समेत वृद्धि भएको छ। एक वर्षको अवधिमा विदेशी लगानीका उद्योगमा रु २२ अर्ब आठ करोड बराबरको लगानी प्रतिबद्धता थपिएको हो।आव २०७८/०७९ को एक वर्षको अवधिमा २९५ विदेशी लगानीका उद्योगमा रु ५४ अर्ब १५ करोड बढीको लगानी प्रतिबद्धता आएको छ। आव २०७७/०७८ मा १८४ उद्योगका लागि रु ३२ अर्ब सात करोड बराबरको लगानी प्रतिबद्धता आएको थियो। उद्योग विभाग स्थापना भएदेखि हालसम्म रु चार खर्ब १९ अर्ब बढीको विदेशी लगानी प्रतिबद्धता आएको छ।

### कुनमा उद्योगमा कति प्रतिबद्धता ?

गत आवमा सबैभन्दा बढी विदेशी लगानी प्रतिबद्धता सेवामूलक क्षेत्रका उद्योगमा आएको छ। एक वर्षका अवधिमा ९७ सेवामूलक क्षेत्रका उद्योगमा मात्रै रु २७ अर्ब २९ करोड ८१ लाख बढीको लगानी प्रतिबद्धता आएको देखिन्छ।सेवामूलकपछि सबैभन्दा धेरै लगानी प्रतिबद्धता पर्यटन क्षेत्रमा आएको छ।

सेवामूलक क्षेत्रका उद्योगभन्दा पर्यटन क्षेत्रका उद्योगको सङ्ख्या धेरै भए तापनि सेवामूलक क्षेत्रका उद्योगमा बढी लगानी प्रतिबद्धता आएको छ।विभागको तथ्याङ्कअनुसार पर्यटन क्षेत्रमा १२४ उद्योगका लागि रु१९ अर्ब ६० करोड १५ लाख बढीको प्रतिबद्धता आएको हो। यस्तै, कृषि क्षेत्रमा चार उद्योगका लागि रु साठी करोड, ऊर्जा क्षेत्रमा एक उद्योगका लागि रु दश करोड ६२ लाख, सूचना प्रविधि क्षेत्रमा छ उद्योगका लागि रु ४७ करोड, पूर्वाधार क्षेत्रका आठ उद्योगका लागि रु एक अर्ब ७२ करोड ४० लाख र उत्पादनमूलक क्षेत्रका ५१ उद्योगका लागि रु आठ अर्ब १४ करोड बराबरको प्रतिबद्धता आएको हो।लगानी प्रतिबद्धतासँगै स्वदेशी लगानीका उद्योगले २८ हजार ५२७ र विदेशी लगानीका उद्योगले १६ हजार ९१९ गरी ४५ हजार ३४६ लाई रोजगारी दिने प्रतिबद्धता जनाएका छन्।

### स्वदेशी लगानीका ३०९ उद्योग दर्ता

विभागको तथ्याङ्कअनुसार एक वर्षका अवधिमा स्वदेशी लगानीमा ३०९ वटा उद्योग दर्ता भएका छन्। एक वर्षको अवधिमा विभागमा दर्ता भएका उद्योगमध्ये सबैभन्दा धेरै लगानी प्रस्ताव ऊर्जा क्षेत्रका उद्योगमा आएको छ।ऊर्जामूलक क्षेत्रका ५० वटा उद्योगमा रु एक खर्ब ७० अर्ब ७६ करोड ७४ लाख ७३ हजार बराबरको लगानी प्रस्ताव आएको हो।

यस्तै, ऊर्जापछि सबैभन्दा धेरै लगानी प्रतिबद्धता सेवामूलक क्षेत्रका उद्योगमा आएका छन्। एक वर्षको अवधिमा ११५ सेवामूलक क्षेत्रका उद्योग दर्ता हुँदा रु ८९ अर्ब ७९ करोड ४१ लाख ९१ हजार बराबरको लगानी प्रतिबद्धता आएको छ।पर्यटन क्षेत्रका ५८ उद्योगमा रु २६ अर्ब ५१ करोड ४९ लाख ७६ हजार, सेवामूलक क्षेत्रका ४६ उद्योगका लागि रु ४६ अर्ब ७५ करोड ५८ लाख, कृषि क्षेत्रमा २१ उद्योगका लागि रु पाँच अर्ब २८ करोड ९० लाख ९९ हजार, सूचना प्रविधि क्षेत्रमा ११ उद्योगका लागि र एक अर्ब ८९ करोड ८५ लाख, पूर्वाधार क्षेत्रका पाँच उद्योगका लागि रु दुई अर्ब २७ करोड ९१ लाख र दुईवटा खनिज उद्योगका लागि रु २५ करोड ९९ लाख बराबरको लगानी प्रतिबद्धता आएको हो।रासस

# धितोपत्र बजार : सात अर्ब २० करोडको आइपिओ बिक्री

**टुडे एक्सप्रेस /** काठमाडौं

पछिल्ला दिनमा शेयर बजार क्रमशः विस्तार हुँदै गइरहेको पाइएको छ। साधारण शेयर बिक्रीमा भएको उल्लेख्य वृद्धि, हितग्राही खाता खोल्ने क्रममा भएको वृद्धिलगायतका कारणले पनि बजार विस्तार भएको पाइएको छ।सरकारले वास्तविक क्षेत्रका कम्पनीलाई पनि साधारण शेयर बिक्रीका लागि अभिप्रेरित गरेको छ। सिडिएस एण्ड क्लियरिङ लिमिटेडका अनुसार ५२ लाख ६० हजार २५१ वटा हितग्राही खाता खुलेका छन्। त्यस्तै ४३ लाख ६८ हजार ६३९ मेरो शेयरको अकाण्ट खुलेको छ। कूलरुपमा आठ अर्ब ५८ करोड ४३ लाख ५८ हजार ६६९ कित्ता शेयर अभौतिकीकरण भएको छ। यसैगरी ३५ वटा म्युचुअल फण्ड र ५९ वटा बण्ड र डिवेञ्चर पनि सूचीकृत भएका छन्।धितोपत्र कारोबारको नियामक निकाय नेपाल धितोपत्र बोर्डले आर्थिक वर्ष २०७८/७९ मा मात्रै रु सात अर्ब २० करोडभन्दा बढीको साधारण शेयर सर्वसाधारणलाई बिक्री गर्न स्वीकृत दिएको छ। यसबाट पनि नेपालको शेयर बजार विस्तार भएर गएको देखिन्छ। बोर्डले कूल सात करोड २० लाख ३६ हजार ४२५ कित्ता शेयर सर्वसाधारणका लागि निष्कासन तथा बिक्रीका लागि स्वीकृत दिएको पाइएको छ।

### सबैभन्दा धेरै हाइड्रोपावर कम्पनीले पाए अनुमति

बोर्डका अनुसार सो आवमा कूल २८ कम्पनीले शेयर बिक्रीका लागि अनुमति पाएकामा सबैभन्दा धेरै जलविद्युत् समूहका कम्पनी छन्। शेयर निष्कासनको अनुमति पाउनेमा १९ जलविद्युत् कम्पनी छन्। आर्थिक वर्ष २०७८/७९ को पहिलो अनुमति गत वर्षको साउन ११ गते न्यादी हाइड्रोपावर लिमिटेडले सर्वसाधारणलाई शेयर बिक्रीका लागि अनुमति पाएको थियो। कम्पनीले कूल ४० लाख ५० हजार कित्ता शेयर सर्वसाधारणलाई छुट्याएको थियो।यस अवधिमा साहस ऊर्जाले रु १०० अङ्कित मूल्यका एक करोड पाँच लाख कित्ता, बुद्धभूमि नेपाल हाइड्रोपावरले १२ लाख कित्ता, बलेफी हाइड्रोपावरले ३६ लाख ५५ हजार ९४० कित्ता, ग्रीन भेन्चर लिमिटेडले ६२ लाख ५० हजार कित्ता, रिभरफल्स पावरको ३४ लाख ३० हजार कित्ता शेयर बिक्रीका लागि अनुमति पाएका थिए।सर्वसाधारण र आयोजनाले प्रभाव पार्ने क्षेत्रका स्थानीय बासिन्दाका लागि ती कम्पनीले शेयर बिक्रीसमेत गरी सकेका छन्। त्यस्तै विन्ध्यावासिनी हाइड्रोपावर डेभलपमेण्ट कम्पनीको २५ लाख कित्ता, दोर्दी खोला जलविद्युत् कम्पनीको २९ लाख ५१ हजार ९२९ कित्ता, हिमालयन हाइड्रोपावरको २२ लाख ५० हजार कित्ता, अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनीको ३३ लाख सात हजार ५०० कित्ता, अप्पर हेवाखोला हाइड्रोपावरको २० लाख कित्ता, राप्ती हाइड्रोको २९ लाख ४१ हजार ४१० कित्ता शेयर बिक्री गर्न अनुमति पाएका थिए। बोर्डले श्वेत गङ्गा हाइड्रोपावरको ३९ लाख ८२ हजार ५०० कित्ता, सयपत्री हाइड्रोपावरको नौ लाख कित्ता, मन्दाकिनी हाइड्रोपावरको १७ लाख ६४ हजार ११० कित्ता, पिपल्स पावरको ३१ लाख कित्ता, रसुवागडी हाइड्रोपावर(सर्वसाधारणका लागि)को ६८ लाख ४२ हजार १०० कित्ता, सान्जेन जलविद्युत् कम्पनी (सर्वसाधारणका लागि)को ३६ लाख पाँच हजार, सिक्लेस हाइड्रोपावरको २० लाख कित्ता शेयर बिक्रीका लागि अनुमति दिएको थियो।त्यसमा अधिकांश कम्पनीले शेयरको निष्कासन तथा बिक्री गरिसकेका छन् भने केही कम्पनी शेयर बिक्रीका लागि आह्वान गर्ने क्रममा छन्। जसमा स्वेत गङ्गा हाइड्रोपावरको शेयर बिक्री खुला भएको छ भने सयपत्री हाइड्रोपावर, सिक्लेस हाइड्रोपावरको र मन्दाकिनी हाइड्रोपावरको शेयर बिक्री हुने क्रममा छन्।

### लगानी समूहको एकमात्रै कम्पनीले पायो अनुमति

गत आवमा लगानी समूहबाट इमर्जिङ नेपाल लिमिटेडले मात्र शेयर बिक्रीका लागि अनुमति पाएको छ। इमर्जिङले रु १०० अङ्कित मूल्यमा पाँच लाख ५५ हजार ६०० कित्ता शेयर बिक्री गर्न अनुमति पाएको हो। कम्पनीले शेयर सर्वसाधारणलाई निष्कासन गरी बाँडफाँटसमेत गरिसकेको छ।गत आवमा कूल २८ कम्पनीमध्ये आठ लघुवित्त कम्पनीले शेयर बिक्रीका लागि अनुमति पाएको बोर्डले जनाएको छ। जसमा नेष्डो समृद्धी लघुवित्त वित्तीय संस्थाले आठ लाख २८ हजार ७५० कित्ता, जाल्पा सामुदायिक लघुवित्त वित्तीय संस्थाले पाँच लाख २२ हजार कित्ता, राष्ट्र उत्थान लघुवित्त वित्तीय संस्थाले आठ लाख ५० हजार कित्ता, उपकार लघुवित्त वित्तीय संस्थाले दुई लाख ३६ हजार २५० कित्ता, सिवाइसी नेपाल लघुवित्त वित्तीय संस्थाले तीन लाख ९५ हजार ३३६ कित्ता शेयर बिक्रीका लागि अनुमति पाएका थिए। त्यस्तै आदर्श लघुवित्त वित्तीय संस्थाले ६७ हजार कित्ता, धौलागिरि लघुवित्त वित्तीय संस्थाले तीन लाख ३१ हजार कित्ता र अभियान लघुवित्त वित्तीय संस्थाले नौ लाख ७५ हजार कित्ता शेयर बिक्रीका लागि अनुमति पाएका थिए। अनुमति पाएका अधिकांस लघुवित्त संस्थाले शेयर निष्कासन गरी बाँडफाँटसमेत गरिसकेका छन। लघुवित्त कम्पनीमा धौलागिरि लघुवित्त वित्तीय संस्था र अभियान लघुवित्त वित्तीय संस्थाले सर्वसाधारणमा शेयर बिक्री गर्न बाँकी छ।बोर्डबाट गत आबमा चार करोड ७८ लाख ७१ हजार ८८२ कित्ताको रु चार अर्ब ७८ करोड ७१ लाख ८८ हजार २९४ मूल्य बराबरको राइट शेयर जारी गर्न ११ कम्पनीले अनुमति पाएका थिए।

### रु सात अर्बभन्दा रकमका शेयर पाइपलाइनमा

त्यस्तै धितोपत्र बोर्डका अनुसार रु सात अर्ब १० करोडभन्दा बढी रकमका शेयर निष्कासनको अनुमतिको प्रतीक्षामा छन्। जसमा दुई कम्पनीले बुक बिल्डिङ विधिबाट शेयर बिक्री गर्न पाउँ भन्दै बोर्डसमक्ष माग गरेका छन्। सर्वोत्तम सिमेन्ट र रिलायन्स स्पिनिङ मिल्सले बुक बिल्डिङ विधिबाट शेयर निष्कासन गर्न अनुमति मागेका छन्।रासस

# सुन्तला नर्सरीबाट मनग्य कमाइ

**टुडे एक्सप्रेस /** गलकोट



बहुआयामिक सफल कृषकको रूपमा परिचय बनाउनुभएका बागलुङका केदार आचार्यले सुन्तलाको बिरुवा बिक्रीबाट मनग्य आम्दानी गर्नुभएको छ। बागलुङको जैमिनी नगरपालिका-१० राङखानीका केदार आचार्यले यस वर्ष नर्सरीबाट राम्रो आम्दानी गर्न सफल हुनुभएको छ। विसं २०७३ देखि व्यावसायिक कृषि सुरु गर्नुभएका आचार्यले २०७७ सालमा नर्सरी सुरु गर्नुभएको थियो। अघिल्लो वर्ष पाँच हजार अलैंचीका बिरुवा बेचेर रु २५ हजार आम्दानी गर्नुभएका आचार्यले यस वर्ष सुन्तलाका बिरुवा बेचेर रु चार लाख २० हजार आम्दानी गर्नुभएको हो। आचार्यले यस वर्ष बेच्न मिल्ने गरी १५ हजार सुन्तलाका बिरुवा तयार गर्नुभएको थियो। स्थानीय प्रजातिका सुन्तलाका १५ हजार बिरुवा उत्पादन गर्दा आचार्यको प्रतिबिरुवा रु १८ लागत लागेको छ। १५ हजार बिरुवा उत्पादन गर्दा रु दुई लाख ७० हजार लगानी भएको आचार्य बताउनुहुन्छ।सरकारी दररेटअनुसार प्रतिगोटा संस्थालाई रु २५ र व्यक्तिलाई रु ५० मा बेच्न मिल्ने भए पनि सोही दररेटअनुसार बिक्री गर्न नसिकएको आचार्यले बताउनुभयो। उहाँले १० हजार बिरुवा रु २७ र अन्य तीन हजार बिरुवा गुणस्तर हेरेर रु ३५, रु ४५ र रु ५० दरले बिक्री गर्नुभएको छ। आचार्यको नर्सरीबाट जैमिनी नगरपालिकाको कृषि शाखा र जैमिनीकै भगवती अलैंची पकेट समूहले पाँच-पाँच हजार बिरुवा खरिद खरेका गरेका छन्। त्यसैगरी कृषि ज्ञान केन्द्र बागलुङले दुई हजार ५०० बिरुवा खरिद गरेको आचार्यले बताउनुभयो। उहाँको नर्सरीमा अझै दुई हजार बिक्री गर्न मिल्ने बिरुवा छन्।अन्य ५०० बिरुवा व्यक्तिले खरिद गरेको आचार्यको भनाइ छ। जैविक कृषि फार्म दर्ता गरेर गड्यौला खेती, तरकारी खेती गर्दै आचार्यले पछिल्लो समय नर्सरीबाट समेत राम्रो आम्दानी गर्न थाल्नुभएको हो। उहाँको नर्सरीमा हिउँदमा बेच्नका लागि ५०० ओखर (बिजु) र एक हजार किवीका कलमी गरेका बिरुवा तयार भएका छन्। आगामी वर्षका लागि पर्वतको बासखर्कको स्थानीय प्रजाति र तेह्रथुमको खोको प्रजातिका सुन्तलाका १५ हजार बिरुवा तयार हुँदै गरेको आचार्यको भनाइ छ। उहाँको नर्सरीमा आगामी वर्षका लागि सुन्तलाका एक हजार ५०० कलमी र ५०० कागतीका बिरुवासमेत बेच्नका लागि तयार हुने छन्।लगाएको छोटो समयमै उत्पादन दिने भएर पछिल्लो समय कलमी बिरुवाको माग बढ्दै गएको हुँदा विस्तारै बिजु बिरुवा कम गरेर कलमीमा जोड दिने आचार्य बताउनुहुन्छ। बिजु बिरुवाले लगाएको तीन वर्षमा उत्पादन दिन सुरु गर्ने र सातदेखि १० वर्षमा परिपक्क हुने भए पनि कलमी बिरुवा रोपेकै वर्षमा उत्पादन दिन सुरु गर्ने र तीन वर्षमा राम्रो उत्पादन दिन सुरु गर्ने भएकाले कृषकको रोजाइमा कलमी बिरुवा पर्न थालेको आचार्यले बताउनुभयो।करिब २० रोपनी जमिनमा कृषि गर्दै आएका आचार्यले संरचना र विविध औजारमा मात्र रु ५० लाख लगानी गर्नुभएको छ। जडीबुटी सङ्कलनको काम गर्न थाल्नुभएका आचार्यले आगामी वर्षबाट सतुवा र अस्वगन्धजस्ता जडीबुटीको समेत नर्सरी सुरु गर्ने बताउनुभयो।रासस

# वालिङको पहिचान 'गुलाबी अभियान'

**टुडे एक्सप्रेस / वालिङ**




स्मार्ट सिटीको अवधारणाअनुसार काम गर्दै आएको स्याङ्जाको वालिङ नगरपालिकालाई 'गुलाबी सहर' बनाउने अभियान पनि प्रभावकारी बन्दै गएको छ। विसं २०७४ मा भएको स्थानीय तहको निर्वाचनसँगै निर्वाचित जनप्रतिनिधि र नगरपालिकाभित्र रहेका विभिन्न सङ्घ संस्थाको सामूहिक छलफलबाट वालिङलाई 'गुलाबी सहर' कारुपमा विकास गर्ने अभियान थालिएको थियो। गुलाबी रङलाई सौहार्दता, माया, सुन्दरता र शक्तिको प्रतीककारुपमा मान्दै आइएकाले पनि यो रङ छनोट गरिएको प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले बताउनुभयो। '

गुलाबी सहर' बनाउने अभियानलाई यसअघि नै नगरसभाले पारित गरेर अगाडि बढेसँगै अहिलेको नीति तथा कार्यक्रममा यसलाई निरन्तरता दिइएको उहाँले बताउनुभयो। "नगरपालिकाभित्रका बजार वा गाउँमा नयाँ बनेका ८० प्रतिशतभन्दा बढी घरमा गुलाबी रङ लगाइएको छ" प्रमुख प्रशासकीय अधिकृत भट्टराईले भन्नुभयो, "नयाँ बनेका घरको हकमा गुलाबी रङ नलगाउँदासम्म घर सम्पन्नताको प्रमाणपत्र दिदैनौं, गुलाबी रङलाई अनिवार्य गरेका छौं।"घरको बाहिरी भित्तामा घरधनीले अनिवार्यरुपमा गुलाबी रङ लगाउनुपर्ने छ भने भित्री भित्तामा आफ्नो रोजाइँको रङ प्रयोग गर्न पाईने उहाँले उहाँले बताउनुभयो। पुराना घरमा पनि रङ रोगन गर्दा बाहिरी भित्तामा गुलाबी रङ प्रयोग गर्न नगरपालिकाले आग्रह गरेको छ। जनप्रतिनिधिको दृष्टि तथा नगरवासीको साथ र सहयोगले नै नगरपालिकालाई 'गुलावी सहर' का रुपमा पहिचान दिने गरी अगाडि बढ्न सकिएको प्रमुख प्रशासकीय अधिकृत भट्टराईले बताउनुभयो। वालिङमा २०७४ सालदेखि हालसम्म एकहजार ८२० नयाँ घर निर्माण भएको नगरपालिकाको घरनक्सा शाखामा उल्लेख छ। उक्त शाखाका अनुसार नयाँ बनेका सबै घरका बाहिरी भित्तामा गुलाबी रङ लगाइएको छ। गुलाबी रङ नलगाइकन सम्पन्नताको प्रमाणपत्र नदिइने भएकाले पनि घरमा गुलाबी रङ लगाउने अभियान प्रभावकारी बन्दै गएको हो। वालिङस्थित विभिन्न कम्पनीका रङका डिलर तथा बिक्रेतासँग छलफल गरी गुलाबी रङमा ग्राहकले खरिद गर्दा मूल्यमा झण्डै आधा छुट दिने व्यवस्था नगरपालिकाले मिलाएको थियो।रङ व्यवसायी तथा कम्पनीले रङको खरिदमा छुट दिएर वालिङलाई 'गुलाबी सहर' कोरुपमा पहिचान दिनेगरी सहकार्य गर्दै अगाडि बढेको वालिङस्थित जय श्री अधिकारी ब्रदर्शका सञ्चालक वासुदेव अधिकारीले बताउनुभयो। "नगरपालिकाले अगाडि सारेको गुलाबी अभियानमा सहकार्य गर्दै करिब आधा छुट उपलब्ध गराएका थियौं" उहाँले भन्नुभयो,"तर पछिल्लो समय रङको मूल्य चार/चार पटक वृद्धि भएर आएकाले हाल बढीमा २०-२५ प्रतिशतमात्रै छुट दिन सकिने अवस्था छ।" गुलाबी रङभित्रैबाट विशेष सुत्रमार्फत छुट्टै 'वालिङ पिङ्क' नामक रङ उत्पादन गरी सबै व्यापारी तथा डिलरलाई उक्त सुत्र अनुसार रङ बनाउन सिफारिस गरिएकाले एकरुपता भएको हो।रासस

# मदिरा सेवन र बिक्री गर्नेलाई ढुङ्गा बोकाइने

**टुडे एक्सप्रेस / डोटी**



यहाँका स्थानीय तहले मदिर सेवन तथा विक्री वितण समेत रोक्न आ-आफ्नै निर्णय गरेका छन्। केआइसिंह गाउँपालिकाको वडा नम्बर ७ सलेनाले मदिरा बिक्री वितरण तथा सेवन गर्नेलाई ढुङ्गा बोकाउने निर्णय गरेको छ। उक्त वडामा कसैले मदिरा सेवन गरे १५ दिन र बिक्री गर्नेलाई वडा कार्यालयसम्म एक महिना ढुङ्गा बोकाउने निर्णय गरिएको वडाध्यक्ष दिलबहादुर बलायरले जानकारी दिनुभयो। वडामा मदिरा बिक्री वितरण गर्दै आएका व्यापारी तथा वडावासीसँगको छलफलपश्चात् उक्त निर्णय गरिएको हो। यसैगरी उक्त वडामा सञ्चालन हुने गाडीमा मदिरा ओसारपसार गर्नेलाई समेत एक महिना गाडी 'होल्ड' राख्नुपर्ने निर्णयसमेत गरेको वडा कार्यालयले जनाएको छ।यसैगरी जिल्लाकै आदर्श गाउँपालिकाले यही साउन १ गतेदेखि मदिरा बिक्री वितरण तथा सेवनमा पूर्णरुपमा बन्द गर्ने निर्णय गरेको छ। गाउँपालिकाका अध्यक्ष गणेश खड्काले मदिरा ओसारपसार गर्नेलाई रु ४० हजार जरिवाना तथा बिक्री वितरण गर्नेलाई रु ३० हजार जरिवाना गर्ने निर्णय गरिएको जानकारी दिनुभयो। यसैगरी मदिरा सेवन गर्नेलाई पहिलोपटक रु दुई हजार ५०० र दोस्रो पटक सेवन गर्नेलाई रु पाँच हजार जरिवाना तोक्ने निर्णय गरिएको छ। सायल गाउँपालिकाले पनि आफ्ना पालिकाभरिमा मदिरा बिक्री वितरण तथा सेवनमा पूर्णरुपमा रोक लगाएको गाउँपालिकाका अध्यक्ष धर्मराज जोशी जानकारी दिनुभयो। जिल्लामा नौवटा स्थानीय तह रहे पनि अन्य पालिकामा भने मदिरा बिक्री वितरण, ओसारपसार तथा सेवनमा कुन किसिमको कारबाही गर्ने भन्ने विषयमा छलफल भइरहेको जनाएको छ। कतिपय स्थानीय तहमा लाइसेन्स लिएर मदिरा बिक्री वितरण भइरहेकाले तिनीहरूलाई के गर्ने र कस्तो निर्णय गर्ने भन्ने विषयमा छलफल भइरहेको दिपायल सिलगढी नगरपालिकाका नगर प्रमुख बाजी खड्काले जानकारी दिनुभयो।

### सेतीमा पानीको बहाव उच्च सतर्क रहन आग्रह

तीन दिनदेखिको लगातारको वर्षाका कारण जिल्लाको सेती नदीमा पानीको बहाव बढेको छ। बहाव बढेकाले नदी आसपासका बस्तीमा खतरा बढेको जनाउँदै सचेत रहन जिल्ला प्रशासन कार्यालयले यहाँका सबै नागरिकलाई आग्रह गरेको छ। जिल्लाको गोपघाट र दिपायलमा रहेको बाढीमापन केन्द्रका अनुसार जलसतह मापनभन्दा अधिक बढेको छ। सेती नदीमा गरिएको पानीको बहाव मापनअनुसार ५.४ क्युसेक पुगेको छ। यो 'वार्निङ प्वाइन्ट' भन्दा माथि हो। केन्द्रका अनुसार ३.५ क्युसेक बाढीको बहाव हुँदा नदीमा बाढीको बढी खतरा हुने गर्दछ। नदीले यहाँका धान रोपेका खेतमा कटान गरी बगाउन थालेको छ।नदी आसपासका बस्ती बानीडुग्रीसैन, गोपघाट, बारपाटा, सिरखोलीसैन, कालागाढ, रामपुर, दिपायल, घोल्तडा, भागेतडा, कैलडा तथा नारीदाङका स्थानीयवासीलाई विशेषगरी रातिको समयमा सचेत रहन प्रशासनले आग्रह गरेको छ। यसैगरी नदीमा पानीको बहाव बढ्न थालेसँगै इलाका प्रहरी कार्यालय दिपायल, प्रहरी चौकी तिल्तालीको टोलीले नागरिकलाई नदी क्षेत्रमा नजान तथा सचेत रहन माइकिङ गरिरहेको छ।सेतीमा पानीको बहाव बढेकाले नदी आसपासका नागरिकलाई सुरक्षित रहन र नदीमा माछा मार्दै आएका नागरिकलाई केही दिन नदीमा नजानसमेत आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी कमला श्रेष्ठले बताउनुभयो। लगातारको वर्षाका कारण बाढीपहिरो आउने खतरा बढेकाले प्रजिअ श्रेष्ठले विपद् व्यवस्थापनमा जुट्नका लागि जिल्लाका तीनवटै सुरक्षा निकाय (नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी)लाई 'हाइअलर्ट' मा बस्न निर्देशनसमेत दिनुभएका छ। विपद् तथा नदीबाट हुने खतराबाट जोगिन प्रशासनले चौबिसै घण्टा सुरक्षाकर्मीलाई ती क्षेत्रमा अनुगमन गर्न निर्देशनसमेत दिएको जिल्ला प्रशासन कार्यालय डोटीले जनाएको छ। जिल्लामा लगातार वर्षा भइरहे पनि अन्य साना नदीमा पानीको बहाव समान्य अवस्थामै रहेको जिल्ला प्रहरी कार्यालय डोटीले जनाएको छ। वर्षाकै कारण यहाँका विभिन्न ठाउँमा पहिरो गएको छ,भने एक दजर्नभन्दा बढी ग्रामीण सडक अवरुद्ध भएका छन्। वर्षा सुरु भएसँगै पहिरा खस्दा जिल्लाका ग्रामीण भेगका अधिकांश सडक अहिले सवारीसाधन गुड्न नसक्ने अवस्थाका भएका छन्। उता जिल्लाको जोरायल तथा बडिकेदार गाउँपालिकाको बिपीनगरमा रहेको ठूलीगाडमा समेत पानीको सतह निकै बढेकाले सतर्क रहन त्यहाँका नागरिकलाई आग्रह गरिएको जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझाले जानकारी दिनुभयो।रासस

# नदी किनारका बासिन्दाका पीडा : 'राति निन्द्रा नै लाग्दैन'

**टुडे एक्सप्रेस / नवलपुर**

गत जेठको अन्तिम साताबाटै यस वर्षको मनसुन सुरुआत भइसकेको छ। नेपालमा मनसुन भित्रिएसँगै मनसुनजन्य प्रकोपको जोखिमका कारण नदी किनारमा बसोबास गर्ने मानिस त्रासमा बाँच्न बाध्य छन्। मनसुनजन्य प्रकोपका कारण नवलपरासी (बर्दघाट-सुस्तापूर्व) उच्च जोखिममा छ। मनसुनमा बाढी, नदी कटान, डुबान र पहिराका कारण यहाँको जनजीवन प्रभावित हुने गरेको छ। बर्खा सुरु भएसँगै नदी किनारमा बसोबास गर्ने मानिसलाई सबैभन्दा बढी पिरोल्ने गरेको छ। मध्यबिन्दु-३ नन्दपुरका जितबहादुर महतोले बर्खा लागेसँगै रातिमा निद्रा हराउने गरेको गुनासो गर्नुभयो। "हिउँदभरी त हामीलाई खासै दुःख हुँदैन", उहाँले भन्नुभयो, "बर्खा सुरु हुन्छ अनि हाम्रो पीडाका दिनहरू सुरु हुन्छन्।" बर्खा सुरु भएसँगै कति बेला नारायणी बढेर आउँछ र आफूहरूको उठिबास लाग्ने हो भन्ने चिन्ताले सताउने गरेको स्थानीयवासी महतोले बताउनुभयो। सबै राजनीतिक दलका नेताले चुनावको बेलामा नदी नियन्त्रणको आश्वासन दिएर भोट माग्ने गरेको उल्लेख गर्दै महतोले चुनाव सकिएपछि आफूहरूलाई बेवास्ता गर्ने गरेको गुनासो गर्नुभयो। नवलपुर हुँदै बग्ने गरेको नारायणी नदी तथा यहाँ खहरे खोलाबाट बर्सेनि स्थानीय पीडित हुने गरेका छन्। हरेक वर्ष बाढी र पहिराका कारण यहाँका नदी तथा खोलाले वितण्डा नै मच्चाउने गर्छन्।

मनसुन सुरु भएदेखि मनसुन नसकिने बेलासम्म आफूहरू ढुक्कसँग निदाउनसमेत नसक्ने गरेको गैंडाकोट-२ का जीवन बोटे बताउनुहुन्छ।

"बेलुका सुत्दा त ठीकै सुतेका हुन्छौं तर, रातिमा नदी बढेर घरभित्रै आयो कि भन्ने पीडाले निन्द्रा नै लाग्दैन", बोटले भन्नुभयो, "राति उठ्दा खाटमुनि पानी पसेको पो छ कि, कतै घर पो डुब्यो कि भन्ने पीडाले सताउने गरेको छ।" नवलपुर तथा चितवनमा पानी पर्दाभन्दा पनि पहाडतिर पानी परेको सुन्दा र आकाशमा कालो बादल मडारिँदा आफूहरूको मनमासमेत पीडाका भावहरू मडारिने गरेको बोटे बताउनुहुन्छ। नारायणी नदीको दीर्घकालीन व्यवस्थापन गर्नका लागि राज्यका तीनवटै तहका सरकारले काम गर्नुपर्ने बाटेको भनाइ छ। मनसुनका कारण नवलपुरमा सबैभन्दा बढी प्रभावित हुने स्थानीय तह मध्यबिन्दु, गैंडाकोट, देवचुली र कावासोती नगरपालिका हुन्। त्यस्तै विनयी



त्रिवेणी र हुप्सेकोट गाउँपालिका पनि बाढी र पहिराको उच्च जोखिममा छन्। बाढी र पहिराका कारण यहाँ बर्सेनि ठूलो धनजनतको क्षति हुने गरेको छ। जिल्लामा मनसुनजन्य प्रकोपबाट करिब ८० हजार परिवार प्रभावित हुने प्रक्षेपण गरिएको प्रमुख जिल्ला अधिकारी सुमन घिमिरेले बताउनुभयो। स्थानीय प्रशासनले विपद्जन्य जोखिम न्यूनीकरण तथा राहत र उद्धारका लागि पूर्वतयारीका सबै काम गरेको घिमिरेको भनाइ छ। पहिरा, बाढी, डुबान तथा कटानमा परेका नागरिकको उद्धार र राहतको लागि पूर्वतयारीका काम गरेको उहाँको भनाइ छ। बाढी पहिरा प्रभावित घरपरिवारको विवरण सङ्कलन गर्ने तथा उनीहरूको व्यवस्थापनमा के कस्ता काम गर्नुपर्छ भन्नेबारेमा पूर्वतयारीका सबै काम गरिएको प्रजिअ घिमिरेले बताउनुभयो। "नदीलाई मूल प्रवाहमा बगाउने, खोलानाला थुनिएको ठाउँमा सफा गर्ने, कटानको जोखिम भएको ठाउँमा तारजाली लगाउने कामहरू गरेका छौं", प्रजिअ घिमिरेले भन्नुभयो, "विपद् व्यवस्थापनका लागि सबै पालिकासँग समन्वय गरिएको छ, पूर्वसूचना प्रवाह प्रणालीसमेत सञ्चालनमा ल्याएका छौं।" विपद् व्यवस्थापनका लागि जिल्लाका तीनवटै सुरक्षा निकाय, रेडक्रस तथा विषयगत सङ्घसंस्थालाई तालिमसहित तयारी अवस्थामा राखिएको घिमिरेले बताउनुभयो। "सकेसम्म विपद् हुनै नदिने र भइहालेको अवस्थामा विपद् व्यवस्थापनसम्बन्धी तालिम लिएका सुरक्षाकर्मी र अन्य सङ्घसंस्थाका प्रतिनिधिलाई परिचालन गर्नेगरी तयारी थालिएको छ", घिमिरेले भन्नुभयो, "जिल्लामा इमिडियट रेस्पोन्स टिम निर्माण गरेर विपद् व्यवस्थापनका लागि पूर्वयोजना तर्जुमा लगायतका काम गरेका छौं।" नदी तथा खोला पसेर गाउँ नै सखाप पार्ने अवस्था देखिएकाले तत्काल रोकथामका लागि अपनाउनुपर्ने कामहरू भइरहेको घिमिरेको भनाइ छ। नदी नियन्त्रण तथा रोकथामका लागि जिल्लामा दीर्घकालीन काम भने भएको छैन। गाउँ डुबानमा परेपछि उद्धारका लागि सुरक्षाकर्मी पठाउनुभन्दा नदी नियन्त्रणका लागि ठोस काम गर्नुपर्ने जिल्लावासीको माग छ।रासस

# नि:शुल्क स्वास्थ्य जाँच एवं औषधि वितरण

**टुडे एक्सप्रेस / भक्तपुर**



झङ्ककुमारी स्मृति प्रतिष्ठानले चाँगुनारायण नगरपालिका खरिपाटीमा दैनिक नि:शुल्क स्वास्थ्य जाँच एवं औषधि वितरण सेवा सुरु गरेको छ। चाँगुनारायणका वडा नं ५ र ६ को सिमाना खरिपाटीमा १८ महिना अगाडिबाट सञ्चालन हुँदै आएको नि:शुल्क स्वास्थ्य क्लिनिकलाई विस्तार गरी बुधबारदेखि दैनिक स्वास्थ्य परीक्षण एवं औषधि वितरणसहित नि:शुल्क स्वास्थ्य सेवा सुरु गरिएको हो।गरिब तथा सामान्य स्वास्थ्य सेवाबाट समेत धेरै मानिस बञ्चित हुनुपरेको देखेपछि स्थानीय बासिन्दाका लागि सहजरूपमा नि:शुल्क स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने उद्देश्यले समाजसेवी, व्यवसायी एवं नेपाली कांग्रेसका नेता राजाराम खड्काले दिवङ्गत आमा झङ्ककुमारी खड्काको स्मृतिमा स्थापना गर्नुभएको प्रतिष्ठानले नि:शुल्क स्वास्थ्य सेवा सुरु गरेको हो।नि:शुल्क स्वास्थ्य सेवा कहिल्यै बन्द नगर्ने घोषणा गर्दै प्रतिष्ठानका अध्यक्ष खड्काले भन्नुभयो, "सामान्य औषधि उपचार नपाएर धेरै व्यक्ति पीडित भएको देखेँ, कोही पनि व्यक्ति स्वास्थ्य जाँच गराउन नपाएर, औषधि नपाएर रोग पालेर बस्न नपरोस्, ज्यान गुमाउन नपरोस् भनेर आमाको स्मृतिमा झङ्ककुमारी स्मृति प्रतिष्ठान सञ्चालन गरी विगत डेढ वर्षदेखि चाँगुनारायणका बासिन्दाका लागि नि:शुल्क स्वास्थ्य जाँच सञ्चालन गरेको थियो, अब यो सेवा विस्तार गर्दै नि:शुल्क स्वास्थ्य सेवा र औषधि वितरण सुरु गरेका छौं।"उहाँले अबदेखि दैनिक नि:शुल्करूपमा स्वास्थ्य सेवा तथा औषधि वितरण गर्ने जनाउँदै यसलाई अझै विभिन्न स्वास्थ्य उपकरण जडान गरी सेवा विस्तार गर्ने लक्ष्य लिएको बताउनुभयो। हुनेले नहुनेका लागि सहयोग गर्न आह्वान गर्दै उहाँले सन्तोष भट्टराईले रु एक लाख ५० हजार बराबरको औषधि नि:शुल्क उपलब्ध गराउने घोषणा गर्नुभएको बताउनुभयो।

अध्यक्ष खड्काले यो संस्थालाई कांग्रेसको संस्थाका रूपमा नहेर्न आग्रह गर्दै यहाँका सबै जनताको स्वास्थ्य संस्थाका रूपमा सञ्चालन भई सबै जनतालाई सेवा दिने संस्थाका रुपमा हेरेर सेवा लिइदिन सबैमा आग्रह गर्नुभयो। नि:शुल्क स्वास्थ्य सेवा एवं औषधि वितरणको नेपाली कांग्रेस भक्तपुर जिल्ला सभापति दुर्लभ थापाले उद्घाटन गर्नुभयो। उहाँले राज्यले गर्नुपर्ने काम आमाको स्मृतिमा सञ्चालन हुनु खुसीको कुरा भएको चर्चा गर्दै नि:शुल्क स्वास्थ्य सेवाबाट आम नागरिक लाभान्वित हुने बताउनुभयो।त्यस्तै नि:शुल्क सेवाका बारेमा स्थानीयवासी एवं बागमती प्रदेशका भौतिक पूर्वाधार मन्त्री कृष्णलाल भँडेलले नि:शुल्क स्वास्थ्य सेवा सबैका लागि सुरु भएकामा खुसी व्यक्त गर्दै स्वास्थ्य सेवा लिँदा कांग्रेस, एमाले वा अरु पार्टीका मान्छे भनेर नहेरी सबैलाई सेवा दिनु पर्ने बताउनुभयो।बागमती प्रदेश उद्योग वाणिज्य राज्यमन्त्री रजनी जोशी, कांग्रेसका केन्द्रीय सदस्य रमा पौडेल, मदनकृष्ण श्रेष्ठ, चाँगुनारायण नगरपालिकाका प्रमुख जीवन खत्री, प्रतिष्ठानका सचिव यादव अधिकारीलगायतले स्वास्थ्य सेवाको पहुँचलाई जनजनमा पुऱ्याउन यस्तो संस्थाको भूमिका महत्वपूर्ण हुने बताउनुभयो। प्रतिष्ठानले दैनिक डा अनिल त्यातमार्फत बिरामीको स्वास्थ्य परीक्षण गराउने, स्वास्थ्य परामर्श दिने र औषधि वितरण गर्ने व्यवस्था गरेको छ।रासस

अहिंक रेडियो अहिंक आवाज
रेडियो जनकपुर ९७ मे.ह.
कार्यक्रम
अखाडा
शितल साहके साथ
९८०७८१५११२, ९८०७८७४४००, ९८६२०८७४९७



हेरक दिन
बिहान ७:३०-९:३० बजेसम्म
बेलुकी ८-९:३० बजेसम्म
web//: www.radiojanakpur.org.np
twitter//: @Radiojnk97
facebook //: Radiojanakpur 97.0 mhz
Youtube //: Radio Janakpur 97.0 Mhz

**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, लालितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर